# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वाह्रविसे नगरपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वाह्रविसे नगरपालिका

## सिन्धुपाल्चोक

### आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

वाह्रविसे नगरपालिका

सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, बिश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १०२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
बाह्रबिसे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बाह्रबिसे, सिन्धुपाल्चोक ।

१. **कैफियत सहितको राय** — हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ११ लाख ५४ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा प्रतिकृयाको कारबाहीबाट कुनै बेरूजू फछ्यौंट नभई बाँकी बेरूजु असुल गर्नुपर्ने रू.६० लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२२ लाख २९ हजार, नियमित गर्नुपर्ने रू.२ करोड २२ लाख २६ हजार र पेश्की फछ्यौंट गर्नुपर्ने रू.६ लाख ५७ हजार समेत रू. ३ करोड ११ लाख ५४ हजार रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रू. २९ करोड ३१ लाख ७५ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. ३२ करोड ४३ लाख २९ हजार रहेको छ । यस नगरपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित

कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा —** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्त प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तले उच्च स्तरको आश्वस्त प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी )
**नायब महालेखापरीक्षक**

बाह्रबिसे नगरपालिका,
सिन्धुपाल्चोक

## १. चालु वर्ष २०७९।८० को बेरूजु

### बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३५ | १४९ | ३११५४ | ० | ० | ० | ३५ | १४९ | ३११५४ | ६०४२ | २२२२६ | २२२९ | ० | ० | २४४५५ | ६५७ |

## २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | २९३१७५ | - | - | २९३१७५ | - | ३११५४ | ३२४३२९ |

**नगरपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **परिचय-**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १३४.८ वर्ग किलोमिटर तथा २६५३५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२१ देखि २०८०।०५।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको प्राप्ती तथा भुक्तानीको संक्षिप्त विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **एकिकृत आय-व्यय विवरण -** पालिकाले पेश गरेको आर्थिक वर्ष २०७९/८० को एकिकृत आय-व्यय विवरण देहाय अनुसार रहेको छः

| आय | | | व्यय | | | कैफियत |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम | |
| १ | गत वर्षकोजिम्मेवारी | | १ | चालु खर्चः ०७८०४०१००००१९ | ३४९५१०६६३।३४ | विपत् व्यवस्थापनमा रु.१ करोड चालु खर्च खाताबाट र |
| | क) धरौटी | २०५२६४१।१० | २ | पूँजीगतखर्चः ०७८०४०१००००२० | १५८६७९२१८।४८ | |
| | ख) सचितकोष | ३४५००००० | ३ | कोलेनिकाफिर्ता | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) विपत्व्यवस्थापन कोष | २९६६९।६९ | | क) संघीयसशर्त | २२३४१५४३।७४ | रु.९० लाख पुँजीगत खर्च खाताबाटजम्मा गरिएको र रु१०लाख प्रदेश सरकारबाट प्राप्त भएको । |
| | घ) कर्मचारी कल्याण कोष | ३९००००० | | ख) बागमतीप्रदेश सशर्त | १६४०९७२।६१ | |
| | ङ) विविध खर्च खाता | १४२८३३७।५० | | ग) वागमतीप्रदेश विशेष | ४४८७८२७ | |
| २ | आन्तरिक आय (मध्यभोटेकोशी, सानिमा, आन्तरिक राजश्व, बेरुजु असुली, अन्य विविध) | २४२०२८६६।१९ | | घ) वागमती प्रदेश समपुरक | २५३०१००० | |
| ३ | बाँडफाँडबाटप्राप्त | | ४ | धरौटी | ११२२३७४ | |
| | क) संघराजश्व बाँडफाँड | ७८९१७५४९।७१ | ५ | विविध खर्चखाता | | |
| | ख) स्थानीय दहत्तर बहत्तरको बाँडफाँड | ३३४९८७६।२६ | | क) सडकबोर्ड नेपाल | २४५५२८७ | |
| | ग) प्रदेशसवारी क बाँडफाँड | ४७३११५५६।९८ | | ख) NEA: Tamakoshi | ६३१६२४ | |
| ४ | वित्तीयहस्तान्तरण केन्द्र | | | ग) श्रममन्त्रालय | ० | |
| | क) संघीयसमानीकरण अनुदान | १४४३००००० | | घ) नेपालदू.सं.प्रा. | ११५३७२० | |
| | ख) संघीयसशर्त अनुदान चालू | २२३६३३४५६।२६ | | ङ)कर्मचारी कल्याण कोष | ८५५७६९।६० | |
| ५ | प्रदेशसरकारबाट अनुदान | | | च) अन्यविविध | १०१८२२७।७० | कर्मचारीकल्याण कोषमा जम्मा गरिएको रु.२३ लाख रकम चालु खर्च खाताबाट खर्च लेखिएको । |
| | क) प्रदेशसमानीकरण अनुदान | १५२५६००० | ६ | प्रकोपव्यवस्थापन | १०४६२७७६।२७ | |
| | ख) प्रदेश सशर्त अनुदान चालु/पूँजीगत | २३८३६००० | ७ | cgas-संघ | | |
| | ग) प्रदेशविशेष अनुदान चालु | १४०००००० | | क) सामाजिकसुरक्षा तथा संरक्षण | १३४८२२०१६।०३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घ) प्रदेशसमपुरक अनुदान चालु | २५३०१००० | ८ | ख) गरिबसँगविश्वेश्वर कार्यक्रम | ४५५५०० | |
| ६ | ग २.७-विविध खर्च खाता | | | cgas-प्रदेश | | |
| | क) सडकबोर्ड नेपाल | २२९४९२५ | ९ | क) प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९९९९४५ | |
| | ख) NEA: Tamakoshi | ८६२००० | १० | मौज्दात | | |
| | ग) श्रममन्त्रालय | १७२०००० | | क) संचित | ७२६५५६३७।४८ | |
| | घ) नेपालदू.सं.प्रा. | ११५३७२० | | ख) धरौटी | २१२०८१५।०५ | |
| | ङ) अन्यविविध | ५१४२०७।०५ | | ग)विपत् | ९५६६८९३।४२ | |
| ७ | प्रकोपव्यवस्थापन | २०००००००| | घ)कर्मचारी कल्याण कोष | ५३३५६७२।७० | |
| ८ | सिग्यास-संघ | | | ङ) विविध खर्च खाता | २७१४३३१।३० | |
| | क) सामाजिकसुरक्षा तथा संरक्षण | १३४८२२०१६।०३ | | | | |
| | ख) गरिबसँगविश्वेश्वर कार्यक्रम | ४५५५०० | | | | |
| ९ | cgas-प्रदेश | | | | | |
| | क) प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९९९९४५ | | | | |
| १० | श्रोतनखुलेको | | | | | |
| ११ | धरौटी | ११९०५४७।९५ | | | | |
| १२ | कर्मचारीकल्याण कोष | २३००००० | | | | |
| | **कूल जम्मा** | **८०८३३१८१४।७२** | | **कूल जम्मा** | **८०८३३१८१४।७२** | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको

स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४,२१,५१,१४०.२९ मौज्दात रहेकोमा यो वर्ष रु.४,१९,१०,६४८.२९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,४०,४९२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने ।

## ४ बजेट तथा योजना व्यवस्थापन

४.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।८० मा रु.६९ करोड २७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।५।१० मा प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च % |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५१९६३७७५ | ४१३४६५९९.२२ | ५.२२ |
| २ | पूर्वाधार विकास | १५३४०८८००.५४ | ९८९२०७२७.९८ | १२.३४ |
| ३ | सामाजिक विकास | २८६५७५००० | २५३४६५७९१.२४ | ३१.४३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३५७०८०००० | ३३३६६८१७५.४२ | ४१ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६५१२२००० | ८०९३०५२०.८६ | १०.०१ |
| | | **जम्मा** | **८०८३३१८१४.७२** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ४१ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ५.२२ प्रतिशत रहेको छ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले के कति कानून निर्माण गरेको हो सो माग गरेकोमा विवरण उपलब्ध गराएको छैन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन

- •बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(२) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्नेमा पालिकाले तलबी प्रतिवेदन पारित वेगर तलब भत्ता भुक्तानी गरेको छ ।

- • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

- दिगो बिकास लक्ष्य २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा पूँजीगततर्फ पूर्ण रुपमा कार्यान्वयन भएको देखिएन ।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

- स्थानीय तहले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा माथी लागत अनुमान भएको निर्माण कार्यको बिमा गराउनुपर्नेमा केही योजनाको बिमा गराएको देखिएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई लेखा समिति गठन गर्न सकिने व्यवस्था भएकोमा पालिकाले हालसम्म पनि लेखा समिति गठन तथा सञ्चालन सम्बन्धी नियमावली बनाएको छैन ।

- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको देखिएन ।

- नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८(१) वमोजिम प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरुको कार्य विवरण अनुसूची -५ बमोजिमको ढाँचामा तयार गरी लागू गर्नु पर्नेमा सो गरेको पाईएन ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपलिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ६ राजस्व व्यवस्थापनतर्फ

६.१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७४०६६००५।२३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.५८५४६१७५।५४ अर्थात अनुमान भन्दा २०.९५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६३४२३०९९९.९ | ५८५४६१७५.५४ | ९.२३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९.२३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.३ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

६.४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २१७३९०८ | २६३४४३९.३९ | १०० |
| घरजग्गा वहाल कर | ८२५००० | १६२१९३०.७८ | १०० |
| व्यवसाय कर | ५६६७१७ | ४६३३५५ | ८१ |
| वहाल विरौटी शुल्क | – | – | – |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

६.५ **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा टुङटुङ महादेव निर्माण सेवाबाट रु.१३,४८,५४२/- असुल गर्ने बाँकी रहेको छ ।

| **क्र.सं.** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम** | **दाखिला रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| १ | टुङटुङ महादेव निर्माण सेवा | ढुगाँ, गिट्टी, बालुवा र दहत्तर बहत्तर शुल्क | २०७४६८० | ७२६१३८ | १३४८५४२ |

उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको **व्याज तथा हर्जना** समेत यकिन गरी असुल गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| | **असुल गर्नुपर्ने** | **१३,४८,५४२** |

६.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले गत वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायीबाट रू.८८,७०,४०९/-असुल गर्ने बाँकी रहेको देखिन्छ । कार्यपालिकाको २०७९/८/१८ को निर्णयले ठेकेदारबाट १० प्रतिशत व्याजसहित सम्पूर्ण रकम २१ दिन भित्र असूल उपर गर्ने निर्णय गरेतापनि लेखापरीक्षण अवधि २०८०/५/२२ सम्म असूल उपर भएको छैन । उठ्न बाँकी रकममा व्याज सहित हिसाब गर्दा रू.९७,५७,४५०/-उठ्न बाँकी रहेको देखिन्छ । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत व्यहोरा समावेश भएकोमा सुधार गरेको छैन । पालिकाले कानुनमा भएको व्यवस्था अनुरूप उठ्न बाँकी राजस्व असुल गर्नुपर्दछ ।

| **ठेकेदार** | **आय ठेक्का** | **सम्झौता रकम** | **दाखिला रकम** | **बाँकी रकम** | **१० % ब्याज** | **असूल गर्नुपर्ने** |
|---|---|---|---|---|---|---|
| मोक्तान एण्ड बम्जन विल्डर्स प्रा.ली. | ठे.नं.२ भोटेकोशी नदी खण्ड ख | २२,३७,४११ (मू.अ.कर समेत) | ४,९५,००२ | १७,४२,४०९ | १,७४,२४१ | १९,१६,६५० |
| शुभ सिन्धु ईन्फ्रा प्रा.ली. | ठे.नं.१ भोटेकोशी नदी खण्ड क | ९१,५३,००० (मू.अ.कर समेत) | २०,२५,००० | ७१,२८,००० | ७,१२,८०० | ७८,४०,८०० |
| | **जम्मा** | **१,१३,९०,४११** | **२५,२०,००२** | **८८,७०,४०९** | **८,८७,०४१** | **९७,५७,४५०** |

६.७ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता

तथा नवीकरण शुल्क वापत रु.४६३३५५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७ **क्षेत्राधिकार बाहिर भई कानून निर्माण -** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसैगरी संविधानको अनुसूची- ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० को सजाय अन्तर्गत ८० (१)(क) देखि (ङ) सम्म विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था गरेको छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको मात्र हुने देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

९ **दरबन्दी बाहिरको करार -** बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) अनुसार स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनले गरेको व्यवस्था विपरित विभिन्न पदमा ४७ कर्मचारी करारमा नियुक्ति गरी रु.१,३४,४२,९३९।— पारिश्रमिक भुक्तानी गरेको कार्यलाई नियमसम्मत मान्न नसकिने रु.

| | |
|---|---|
| अनियमित भएको | १,३४,४२,९३९ |

१० **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

११ **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारीत आयोजनाको लागत |
|---|---|---|---|---|
| अंगेरीपाखा बहुउद्देश्यी पार्क डीपीआर निर्माण, बा.न.पा.-४ | निरमाण्डु इञ्जिनियरिङ सेवा | ७००००० | ६९६०८० | ८५०००००० |
| नगरभित्रका ३ वटा झोलुङ्गे पुल डीपीआर निर्माण | डायनामिक रिसर्सेज म्यानेज्मेन्ट प्रा.लि. | १०००००० | ९८९८८० | ३०००००००० |
| नेपालगाउँ घुँडे सडक बा.न.पा.8 र जुरे भिरकुना सडक बा.न.पा.9 | सेल्सेस इञ्जिनियरिङ कन्सल्ट प्रा.लि. | ७००००० | ६९५२५३.८५ | ३००००००००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

**१२ ठेक्का व्यवस्थापनतर्फ**

१२.१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१२.२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २८.३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने

देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | नगरकार्यपालिकाको भवन तला थप निर्माण कार्य | BNP/NCB/W/01/2079/080 | रिभाइन इन्जिनियरिङ्ग कन्सल्टटेन्सी सप्लायर्स एण्ड कन्सट्रक्शन प्रा लि, भरतपुर चितवन | ५०५२३०३.९८ भ्याट तथा कन्टेन्जेन्सी सहित | ३६७८५७९.५८ भ्याटसहित | २५.२५ |
| २ | पुरानागाउँ ओखेनी माझटोल खा पा निर्माण बा.न.पा ४ | BNP/NCB/W/02/2079/080 | बस्नेत एण्ड खड्का इन्जिनियरिङ्ग प्रा लि, काठमाण्डौ नेपाल । | ६९९७८०१।८८ भ्याट सहित तथा कन्टेन्जेन्सी बाहेक | ५०११८२०.६४ भ्याटसहित | २८.३८ |
| ३ | खिपिङ्ग टोल खा पा निर्माण | BNP/NCB/W/03/2079/080 | बस्नेत एण्ड खड्का इन्जिनियरिङ्ग, काठमाण्डौ नेपाल । | ६०९८८९१/८१ भ्याट सहित तथा कन्टेन्जेन्सी बाहेक | ४६००३५४/२८ भ्याटसहित | १७.८२ |

१२.३ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताले सम्झौता गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।कार्यसम्पन्न भईसकेको निम्न २ योजनामा कार्यसम्पादन जमानत वापतको रु.१३१९१७।०० घटी रहेको देखियो ।सार्वजनिक खरिद ऐनमा व्यवस्था भए बमोजिम कानुनको परिपालना गर्नेतर्फ कार्यालयले ध्यान दिनपर्दछ ।

| ठेक्का नं | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत | निर्माण व्यवसायी | कार्यसम्पादन जमानत | भएको कार्यसम्पादन जमानत | अपुग कार्यसम्पादन जमानत |
|---|---|---|---|---|---|---|---|---|
| २-२०७९।८० | पुरानगाउँ ओखेनी माझटोल | ७०९३५०१।८९ | ५०११८२०।६४ | २९.३४ | बस्नेत एण्ड खड्का इन्जिनियरि | ७५९४१९।०१५ | ७२२२३१ | ३७१८९।०१५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खानेपानी व्यवस्थापन | | | | ङ्ग नेपाल प्रालि | | | |
| ३-२०७९।८० | खिपिङ्गटोल खानेपानी व्यवस्थापन | ६०९८८९१।३७ | ४६००३५४।३७ | २४.५७ | बस्नेत एण्ड खड्का इन्जिनियरिङ्ग नेपाल प्रालि | ५२१८६९।४०६ | ४२७१४१।०० | ९४७२८।४ |
| **जम्मा** | | | | | | | | **१३१९१७** |

## १३ उपभोक्ता समितीतर्फ

१३.१ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१३.२ **उपभोक्ता समिति कार्यको बिमा -** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ ३(क) मा नियम ९७क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम१ बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा रु.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा बिमा गरिएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्धारा गरिने निर्माण कार्यमा बिमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

१३.३ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्टअलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | सम्झौता रकम |
|---|---|---|
| सानीपलाँती अंगेरी पाखा टोल सुधार समिति | स्वीमिङ्ग पुल चेन्जिम रुम निर्माण | ७८२०५०० |
| पहिरे खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | झोलुङ्गे पुल निर्माण | ४६०४४९६ |
| दुरुमथली टिमुरे रिपार सडक उपभोक्ता समिति | सडक निर्माण | ५६०१६७२।१४ |
| चिलाउने घारी लामाटोल डम्जन गाउँ सडक स्तरोन्नी उपभोक्ता समिति | सडक निर्माण | ५३९३२३१।७१ |
| खाडादेवी स्वास्थ्य चौकि भवन निर्माण उपभोक्ता समिति | स्वास्थ्य चौकि भवन निर्माण | २४०११२९ |
| बाङ्गे बेसरी रोड स्तरोन्नी उपभोक्ता समिति | सडक स्तरोन्नी | ५३४२४९० |

१३.४ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | निर्माण व्यवसायी | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ११६-२०७९।११।१० | थमाग टोल सुधार समिति | सडक स्तरोन्नती | सातकन्या सेतीदेवी कन्स्ट्रक्सन प्रालि | जेसिबि/ एक्साभेटर | ४८५००० |
| २३६-२०७९।१२।२ | नागपुञ्जे टोल सुधार समिति | सडक स्तरोन्नती | गणेश कुण्ड कन्स्ट्रक्सन प्रालि | जेसिबि/ एक्साभेटर | २२६००० |
| ३३७-२०७९।१२।२ | हर्रे आरुबोटे बेते कृषि सडक उपभोक्ता समिति | कृषि सडक स्तरोन्नती | सातकन्या सेतीदेवी कन्स्ट्रक्सन प्रालि | जेसिबि/ एक्साभेटर | १८१५६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४६-२०७९।१२।२ | किदोर्जे कालिञ्चोक मोटरबाटो निर्माण उपभोक्ता समिति | सडक स्तरोन्नती | माङकाल देवि निर्माण सेवा प्रालि | जेसिबि/ एक्साभेटर | ३८९८५० |
| २६६-२०७९।१२।१२ | साहुंबेशी कान्ले भिर कटान उपभोक्ता समिति | सडक स्तरोन्नती | सातकन्या सेतीदेवी कन्स्ट्रक्सन प्रालि | जेसिबि/ एक्साभेटर | १२४३०० |
| ३११-२०८०।२।३ | डाँडाकटारी सोताङ टोल सुधार समिति | सडक स्तरोन्नती | तुङतुङ महादेव निर्माण सेवा | जेसिबि/ एक्साभेटर | २८९८११ |
| २७-२०८०।३।२० | दुरुमथली टिमुरे रिपार सडक वडा नं ०२ उपभोक्ता समिति | सडक स्तरोन्नती | महादेव खिम्ति निर्माण सेवा | जेसिबि/ एक्साभेटर | ५६५९०४ |
| ९-२०७९।१२।१४ | चिलाउनेघारी लामाटोल डुम्जन गाउँ सडक स्तरोन्नती उपभोक्ता समिति | सडक स्तरोन्नती | सातकन्या सेतीदेवी कन्स्ट्रक्सन प्रालि | जेसिबि/ एक्साभेटर | २०२५१८ |

१३.५ **कार्यसम्पन्न प्रतिवेदन भन्दा कम बिलभरपाई -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(११) र ९७(६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिलभरपाई र खर्च प्रमाणित गर्ने तथा अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनाहरुमा कार्यसम्पन्न प्रतिवेदनमा मूल्यांकन गरेको रकम भन्दा उपभोक्ता समितिले निर्माण सामाग्री कम खरिद गरेको बिलभरपाइ पेश गरेको देखियो । जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन । कार्यसम्पन्न प्रतिवेदन मूल्यांकन भन्दा कम बिल पेश भएको रकम असुल हुनुपर्ने रु.

| गो भौ र मिति | योजना/उपभोक्ता समिति | कार्यसम्पन्न | विवरण | सामाग्री | कार्यसम्पन्न अनुसार | खरिद बिलभरपाई | दर रु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ५३-२०७९।९।२५ | भुमे मन्दिर निर्माण उपभोक्ता समिति | २७२९४३।११ | पी सी सी १:२:३ | सिमेन्ट | 0.७७ घ.मि*६.४=४.९२८ ब्याग | ३० ब्याग | ७६२ | १०३०८।०० |
| | | | १:६ मोर्टर एण्ड अ लिड अफ ३० मि | सिमेन्ट | १८.२१ घ.मि.*२.१२=३८.६०ब्याग | | | |
| ८३-२०७९।१०।१० | खानीटोल सुधार समिति | १६१४५८।६३ | स्टोन मेसिनरी १:६, प्लाष्टर वर्क १:६र आरसिसि १:१.५:६ | सिमेन्ट | ३६ ब्याग | २० ब्याग | ७६२ | १२१९२।०० |
| ९५-२०७९।१०।१७ | कुताब निगाले गोरेटे निर्माण उपभोक्ता समिति | १६५६९१ | सिमेन्ट कंक्रिट वर्क रोड १:१.५:३ | सिमेन्ट | १३.५ घ.मि. *८=१०८ ब्याग | - | ७६२ | ८२२९६।०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०५-२०७९।१०।१९ | घुँडे टोल सुधार समिति | १०१९२३१।८५ | कंक्रित वर्क, स्टोन मेसिनरी वर्क र सिमेन्ट प्लाष्टर | सिमेन्ट | ५८ ब्याग | २५ ब्याग | ७६२ | २५१४६।०० |
| ११६-२०७९।१०।२३ | सातकन्या माई मन्दिर उपभोक्ता समिति | ४८७००३।६१ | स्टोन मेसिनरी वाल र पी सी सी १:२:६ | सिमेन्ट | १३४ | ५५ | ७६२ | ६०१९८।०० |
| १५०-२०७९।११।२ | छत्रे महादेव नेपाली पेपर घरेलु उद्योग समिति | ७३८७९०।५६ | स्टोन मेसिनरी वाल १:६ C/S र पी सी सी १:३:६ | सिमेन्ट | ५४ | ३५ | ७६२ | १४४७८।०० |
| १६१-२०७९।११।४ | कोटगाउँ टोलसुधार उपभोक्ता समिति | ५८८३०६।२१ | आर सि सि १:१.५:३, स्टोन मेसिनरी वर्क १:६ र सिमेन्ट कंक्रिट १:३:६ | सिमेन्ट | १५८ | ८५ | ७६२ | ५५६२६।०० |
| २-२०७९।१०।३ पहिलो रनिङ्ग बिल | घुम्थाङ टोल सुधार समिति | १०३५०७०।५२ | सिमेन्ट कंक्रिट १:२:६, स्टोन मेसिनरी १:६र पेलेन सिमेन्ट कंक्रिट वर्क १:१.५:३ | सिमेन्ट | २.५० घ.मि.*४.४=११ ब्याग, २७.२५घ. मि.*२.१२=५५.६५ ब्याग र ३४.५७ घ.मि.*८= २७६ ब्याग **जम्मा ब्याग ३४२** | २०० ब्याग | ७६२ | १०८२०४।०० |
| १४-२०७९।१२।२८ दोस्रो रनिङ्ग बिल | घुम्थाङ टोल सुधार समिति | ८६२३८०।०० | सिमेन्ट कंक्रिट १:३:६, स्टोन मेसिनरी १:६र पेलेन सिमेन्ट कंक्रिट वर्क १:१.५:३ | सिमेन्ट | २.२२ घ.मि.*४.४=९.७६८ ब्याग, ४६.३० घ.मि*२.१२=९८ब्यागर ४१.७४*८=३३३।९२ ब्याग **जम्मा ४४१ ब्याग** | १७७ ब्याग | ७६२ | २०११६८।०० |
| २५-२०८०।३।१८ तेस्रो तथा अन्तिम रनिङ्ग बिल | घुम्थाङ टोल सुधार समिति | ४७१७२४।०० | सिमेन्ट कंक्रिट १:३:६, स्टोन मेसिनरी १:६र पेलेन सिमेन्ट कंक्रिट वर्क १:१.५:३ | सिमेन्ट | २.७४ घ.मि.*४.४=१२.५६ ब्याग, २३.०७ घ.मि*२.१२=४८.९०ब्याग र ०.०८*८=६२.१ ब्याग **जम्मा ६२ ब्याग** | ३० ब्याग | ७६२ | २४३८४।०० |
| ८-२०७९।१२।९ | दुरुमथली टिमुरे रिपार सडक वडा नं २ उपभोक्ता समिति | ४८१७५६६।०० | मेसिनरी सिमेन्ट १:४ | सिमेन्ट | ३०.४८ घ.मि.*३.१८=९६ब्याग | - | ६९५ | ६६७२०।०० |
| | | | | | | | **जम्मा** | **६६०७२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६०,७२० |

१४ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१५ **सल्लाहकार नियूक्ति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । त्यसैगरी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(क) मा स्थानीय तहका पदाधिकारीले अनुसूची-१क मा उल्लेख भए बमोजिमको सुविधा पाउने

उल्लेख छ । यो वर्ष कार्यपालिकाको निर्णयले देहायका व्यक्तिलाई कानूनी सल्लाहकार तथा प्रमुख सल्लाहकार नियुक्त गरी पदाधिकारी सुविधा शीर्षकबाट रू.४,२९,७५०/-भुक्तानी गरेको छ । पालिकाको स्वीकृत दरबन्दीमा नरहेको तथा पदाधिकारीको सुविधा सम्बन्धी ऐनले समेत व्यवस्था नगरेको कानूनी सल्लाहकार तथा प्रमुख सल्लाहकार पदमा नियुक्त गरी पारिश्रमिक सुविधा भुक्तानी गर्न मिल्ने नदेखिएको रू.

| **नाम** | **पद** | **नियुक्ती मिति** | **अबधी** | **मासिक सुविधा** | **जम्मा भुक्तानी** |
|---|---|---|---|---|---|
| गगन ज्ञवाली | कानूनी सल्लाहकार | २०७९/३/३१ | २०८०/२/३० | २५,३९५/८३ | ३,१४,७५०/- |
| प्रमोद कुमार गिरी | कानूनी सल्लाहकार | २०८०/३/१ | निरन्तर | २५,०००/- | २५,०००/- |
| तोयानाथ नेपाल | प्रमुख सल्लाहकार | २०७९/१२/२३ (०७९/११/१५ देखि लागू हुने गरी) | निरन्तर | २०,०००/- | ९०,०००/- |
| | **जम्मा** | | | | **४,२९,७५०/-** |

यस सम्बन्धमा देखिएका ब्यहोराहरु देहाय बमोजिम रहेका छन् :

- पालिकाले कार्यपालिकाको निर्णय अनुसार कानूनी सल्लाहकारसँग गरेको करार सम्झौताको बुँदा नं.२ मा सार्वजनिक बिदाको दिन बाहेक अन्य दिनहरूमा नगरपालिकाको कार्यालयमा हाजिर भई कानूनी सल्लाहकारले काम गर्नुपर्ने उल्लेख भएकोमा निजले कार्यालयमा हाजिर गरेको देखिएन । सम्झौता अनुसार कार्यालयमा हाजिर नगरेको तथा निजले वर्षभरी कार्यसम्पादन गरेको कामको विवरण समेत अद्यावधिक गरेको नदेखिएकोले निजको नियुक्तीको आवश्यकता र कार्यसम्पादनको अवस्था यकिन गर्न सकिएन ।

- नगरप्रमुख बालकृष्ण बस्नेतले कार्यपालिकाको २०७९/११/५ को निर्णयअनुसार २०७९/११/१५ देखि लागू हुनेगरी नगर प्रमुखको प्रमुख सल्लाहकार पदमा तोयानाथ नेपाललाई मासिक रू.२०,०००/-(यातायात खर्च, सञ्चार खर्च र खाजा खर्च बापत)सुविधा उपलब्ध गराउने गरी २०७९/१२/२३ मा नियुक्ती गरेको देखियो । निजलाई नियुक्ती गर्दा कार्यालयले कार्यसम्पादन करार गरेको छैन भने निजले काम गर्नुपर्ने अबधी समेत तोकेको छैन । निजलाई नगरप्रमुखले नियुक्तीको पत्र २०७९/१२/२३ मा मात्र दिएको देखिएकोमा मासिक सुविधा कार्यपालिकाको निर्णय बमोजिम २०७९/११/१५ देखि नै उपलब्ध गराएको देखियो । निजलाई नियुक्तीको पत्र दिएको मिति भन्दा १ महिना ७ दिन अगाडिको रू.२४,६६७/-भुक्तानी गर्न नमिल्ने देखिन्छ । कार्यालयले कार्यसम्पादन करार समेत नगरी तथा निजले गर्नुपर्ने कार्य र अबधी समेत उल्लेख नगरी नियुक्ती गर्दा निजको नियुक्तीको आवश्यकता र कार्यसम्पादनको अवस्था यकिन गर्न सकिएन ।

| | |
|---|---|
| अनियमित भएको | ४,२९,७५० |

१६ **पदाधिकारी इन्धन -** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १(क) मा उल्लेख भए अनुसार मासिक इन्धन बढीमा १०० लिटर सम्म प्राप्त गर्ने उल्लेख छ । पालिकाबाट प्राप्त देहायको विवरण अनुसार यो वर्ष नगर प्रमुख, उपप्रमुख तथा अन्य पदाधिकारीको लागि रू.१९,७४,५४४/- बराबरको इन्धन खरिद बापत सम्बन्धित पेट्रोल पम्पलाई भुक्तानी भएको छ । यसका अतिरिक्त अध्यक्ष, उपाध्यक्षको सवारी चालकले समय समयमा कुपन पेश गरी इन्धन बापत रू..२,२६,९९१/- नगदै बुझेको समेत देखिन्छ । यसबाट यो वर्ष करिब १२,००० ली. भन्दा बढी इन्धन पदाधिकारीहरूले खपत गरेको देखिन्छ । यसका अलाबा अध्यक्ष/उपाध्यक्ष अन्य कार्यक्रममा जाँदा वा अनुगमन भ्रमणको क्रममा समेत छुट्टै इन्धन खर्च लेख्ने गरेको छ । यसबाट कानुनमा तोकिएको सीमाभन्दा अधिक परिमाणमा ईन्धन खपत भएको प्रष्ट हुन्छ । पालिकाले इन्धनको अनियन्त्रित खपतलाई नियन्त्रण गरी प्रदेश कानूनले तोके बमोजिम हुने गरी इन्धन सुविधा उपलब्ध गराउने तर्फ विशेष ध्यान दिनुपर्दछ ।

| भौ.नं./मिति | आपूर्तक | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३४-०७९/६/४ | सिन्धु आयल स्टोर | पदाधिकारी श्रवण महिनाको इन्धन | ६१९३२७/- | लगबुक पेश नभएको |
| ३५-०७९/६/४ | सिन्धु आयल स्टोर | पदाधिकारी भाद्र महिनाको इन्धन | २०४०६४/- | लगबुक पेश नभएको |
| २४४-०७९/७/३ | सिन्धु आयल स्टोर | पदाधिकारी आश्विन महिनाको इन्धन | २१५३०५/- | लगबुक पेश नभएको |
| ९८१-०७९/११/२६ | सिन्धु आयल स्टोर | पदाधिकारी इन्धन-विभिन्न समय | १०३००३/- | लगबुक पेश नभएको |
| १०३०-०७९/१२/२ | सिन्धु आयल स्टोर | पदाधिकारी इन्धन-विभिन्न समय | २१९९८४/- | लगबुक पेश नभएको |
| ११९४-०८०/१/४ | सिन्धु आयल स्टोर | पदाधिकारी इन्धन- विभिन्न समय | ३०९५३७/- | लगबुक पेश नभएको |
| १४५५-०८०/३/३ | सिन्धु आयल स्टोर | पदाधिकारी इन्धन- विभिन्न समय | ३०३३२४/- | लगबुक पेश नभएको |
| | | **जम्मा** | **१९७४५४४/-** | |
| २५६-०७०/७/३ | सन्दिप बस्नेत | नगरप्रमुखको गाडिमा इन्धन | २७,४८०/- | लगबुक पेश नभएको |
| ३८१-०७९/८/१८ | सेराप इन्टरप्राईजेज | नगरप्रमुखको गाडिमा इन्धन | ५५०१९/- | लगबुक पेश नभएको |
| ३८८-०७९/८/१८ | सेराप इन्टरप्राईजेज | नगरप्रमुखको गाडिमा इन्धन | ८८७००/- | लगबुक पेश नभएको |
| ३५६-०७९/७/२९ | कमल ब. तामाङ | उपप्रमुखको गाडिमा इन्धन | ८८४६/- | लगबुक पेश नभएको |
| ३७३-०७९/८/७ | कमल ब. तामाङ | उपप्रमुखको गाडिमा इन्धन | ९७६३/- | लगबुक पेश नभएको |
| ५२८-०७९/९/४ | कमल ब. तामाङ | उपप्रमुखको गाडिमा इन्धन | ८२३४/- | लगबुक पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| ७८२-०७९/१०/१७ | कमल ब. तामाङ | उपप्रमुखको गाडिमा इन्धन | ७९९०/- | लगबुक पेश नभएको |
| ११८४-०८०/१/३ | कमल ब. तामाङ | उपप्रमुखको गाडिमा इन्धन | ६२०५/- | लगबुक पेश नभएको |
| १२२०-०८०/१/३ | कमल ब. तामाङ | उपप्रमुखको गाडिमा इन्धन | ७१३३/- | लगबुक पेश नभएको |
| १३०६-०८०/१/३ | कमल ब. तामाङ | उपप्रमुखको गाडिमा इन्धन | ७६२१/- | लगबुक पेश नभएको |
| | | **जम्मा** | **२२६९९१/-** | |
| | | **कुल जम्मा** | **२२०१५३५/-** | |

१७ **कर्मचारी इन्धन -** पालिकाबाट प्राप्त देहायको विवरण अनुसार यो वर्ष पालिकामा कार्यरत कर्मचारीहरूको लागि रू.१२,९५,३०२/-मूल्यको डिजेल/पेट्रोल खरिद बापत सम्बन्धित पेट्रोल पम्पलाई भुक्तानी भएको छ । यसका अलावा कर्मचारीहरू अन्य कार्यक्रममा जाँदा वा अनुगमन भ्रमणको क्रममा समेत छुट्टै इन्धन खर्च लेख्ने गरेको छ । विभिन्न समयमा कुपनबाट भएको इन्धन खर्चको एकमुष्ठ बिल पेश भएअनुसार भुक्तानी हुने गरकोमा कानुन बमोजिम खपतको लगबुक राख्ने गरेको छैन । पालिकाले इन्धनको अनियन्त्रित खपतलाई नियन्त्रण गरी कानूनले तोके बमोजिम लगबुक समेत अद्यावधिक गरी इन्धन उपलब्ध गराउने तर्फ विशेष ध्यान दिनुपर्दछ ।

| भौ.नं./मिति | आपूर्तक | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३३-०७९/६/४ | सिन्धु आयल स्टोर | विभिन्न समयमा कुपनबाट इन्धन खर्च | ४६६४२५/- | लगबुक पेश नभएको |
| ३३५-०७९/७/२३ | सिन्धु आयल स्टोर | विभिन्न समयमा कुपनबाट इन्धन खर्च | १७४४२५/- | लगबुक पेश नभएको |
| ३९४-०७९/८/१८ | सिन्धु आयल स्टोर | विभिन्न समयमा कुपनबाट इन्धन खर्च | १७१८३८/- | लगबुक पेश नभएको |
| १३०९-०८०/२/२१ | सिन्धु आयल स्टोर | विभिन्न समयमा कुपनबाट इन्धन खर्च | २४१८२७/- | लगबुक पेश नभएको |
| १६१६-०८०/३/१८ | सिन्धु आयल स्टोर | विभिन्न समयमा कुपनबाट इन्धन खर्च | १९८०१६/- | लगबुक पेश नभएको |
| १७२२-०८०/३/२४ | सिन्धु आयल स्टोर | विभिन्न समयमा कुपनबाट इन्धन खर्च | ४२७७१/- | लगबुक पेश नभएको |
| | | **जम्मा** | **१२९५३०२/** | |

१८ **वैठक भत्ता -** अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१ को ३ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने वैठकमा वैठक भत्ता प्रदान नगर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खर्च मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को दफा ११ को उपदफा ४ मा नियमित कामको लागि वैठक भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था रहेको छ । पालिकाले भौ.नं. २९५-०७९/७/१८ बाट सहायक प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितिमा कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन समितिको वैठक २०७९/५/२० (बिहान),

५/२१ (बिहान) र ५/२२ (बिहान) चौतारामा बसेको भनि १० जनालाई ३७,५००/-भत्ता भुक्तानी गरेकोमा सोहि समयको आसपासमा पुनः सोहि कार्यको लागि पालिकामा कार्यालयका कर्मचारी मात्र उपस्थित भई वैठक बसेको भनि देहाय बमोजिमको रू.३५,७००/-वैठक भत्ता (कर कट्टी पछि) भुक्तानी गरेको देखियो । एकै दिन, उस्तै समय, उस्तै कार्यको लागि फरक फरक स्थानमा तथा कार्यालयका कर्मचारी मात्र वैठक बसेको देखाई भुक्तानी गरेको वैठक भत्ता वापतको रू.३५,७००/- असूल गर्नुपर्दछ रु.

| **वैठकको नाम** | **वैठक बसेको मिति र समय** | **सहभागी** | **भत्ता भुक्तानी (कर पछि)** |
|---|---|---|---|
| खरिद इकाई समिति | २०७९/५/२१ बिहान ९ बजे | चुडामणी पन्थी समेत ५ जना | ६३७५/- |
| का.स.मु पुनरावलोकन समिति | २०७९/५/२१ बिहान ८ बजे | चुडामणी पन्थी समेत ४ जना | ५१००/- |
| का.स.मु पुनरावलोकन समिति | २०७९/५/२१ बेलुका ६ बजे | चुडामणी पन्थी समेत ४ जना | ५१००/- |
| का.स.मु पुनरावलोकन समिति | २०७९/५/२२ बिहान ८ बजे | चुडामणी पन्थी समेत ४ जना | ५१००/- |
| का.स.मु पुनरावलोकन समिति | २०७९/५/२२ बिहान ९ बजे | गोमादेवी ढकाल समेत ७ जना | ८९२५/- |
| का.स.मु पुनरावलोकन समिति | २०७९/५/२२ बेलुका ६ बजे | चुडामणी पन्थी समेत ४ जना | ५१००/- |
| | **जम्मा** | | **३५७००/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,७०० |

१९ **बैठक तथा अनुगमन भत्ता -** पालिकाले विभिन्न विषयगत कार्यक्रम सञ्चालन गर्दा बैठक तथा अनुगमन भत्ता वापत उल्लेखनीय रकम खर्च गर्दै आएकोमा यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छनः

- कार्यालय समयमा नै गर्न सकिने तथा गर्नुपर्ने कामहरुलाई कार्यालय समयको भन्दा अगाडी वा पछाडी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।

- पालिकाको नियमित हाजिरी तथा प्रोत्साहन भत्ता भुक्तानी गर्दा विद्युतिय हाजिरीका आधारमा भएता पनि बैठक बसेको दिन र समयको आधारमा परीक्षण गर्दा हाजिरीसँग तालमेल नमिलेको ।

- एकै बैठकमा सम्पादन गर्न सकिने कामलाई टुक्र्याएर आवश्यकता भन्दा बढी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।

- तोकिए भन्दा बढी र कामको प्रकृत्ति अनुसार आवश्यक नभएका कर्मचारी समेत बैठकमा सहभागी गराई भत्ता भुक्तानी हुने गरेको ।

- हरेक योजना तथा कार्यक्रमको आवश्यकता र औचित्य पुष्टि नहुने अनुगमन गरी सो वापत अनुगमन/दैनिक भ्रमण भत्ता भत्ता भुक्तानी हुने गरेको ।

त्यसैले बैठकको आवश्यकता र औचित्य एकिन गर्दै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार बैठक/अनुगमन भत्ता भुक्तानीको व्यवस्था मिलाउने तर्फ ध्यान दिनु पर्दछ ।

२० **अनुगमन भत्ता -** पालिकाले भौ.नं. ११२५-०७९/१२/२२ बाट सहकारी अनुगमन भत्ता बापत सहायक पाँचौं उद्धव प्रसाद कंडेल समेत देहायका ४ जनालाई प्रतिदिन रू.१२००/-दरले १० दिनको रू.४८,०००/-भुक्तानी गरेकोमा अनुगमन भत्ता भुक्तानी गर्ने कानुनी आधार पेश नगरेको, अनुगमनको स्पष्ट उद्देश्य, स्थान, आदेश नभएको, अनुगमनको प्रतिवेदन पेश नगरेको, पेकार्यालयको हाजिरी अभिलेख अनुसार सो अवधिमा कतिपय हाजिर रहेको, अन्यत्र काजमा रहेको तथा घर विदामा बसेको समेत देखिएकोले उल्लेखित भत्ता भुक्तानी गर्न मिल्ने देखिंदैन । अतः सहकारी संस्थाको अनुगमन भनि भुक्तानी लिएको अनुगमन भत्ता वापतको रू.४८,०००/-सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| पद, नाम | अनुगमन अवधि | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| स.पाँचौं उद्धव प्रसाद कंडेल | २०७९/१०/२२-२५ | ६०००/- | घर विदामा रहेको |
| सलेपा निराजन थापा | २०७९/१०/२२-२५ | ६०००/- | कार्यालयमा हाजिर रहेको |
| ना.सु. सुन्दरभक्त श्रेष्ठ | २०७९/१०/२२-२५ | ६०००/- | हाजिर खालि रहेको |
| प्रा. नरबहादुर तारम | २०७९/१०/२२-२५ | ६०००/- | कार्यालयमा हाजिर रहेको |
| स.पाँचौं उद्धव प्रसाद कंडेल | २०७९/११/२३-२६ | ६०००/- | घर विदामा रहेको |
| सलेपा निराजन थापा | २०७९/११/२३-२६ | ६०००/- | चौतारा कोलेनिका काज रहेको |
| ना.सु. सुन्दरभक्त श्रेष्ठ | २०७९/११/२३-२६ | ६०००/- | हाजिर खालि रहेको |
| प्रा. नरबहादुर तारम | २०७९/११/२३-२६ | ६०००/- | उद्यमशिलता तालिममा रहेको |
| **जम्मा** | | **४८,०००/-** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,००० |

२१ **दैनिक तथा भ्रमण भत्ता -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(१) मा स्वीकृत भ्रमण आदेश वा निर्णय बेगर भ्रमण खर्च गर्न नहुने उल्लेख छ । त्यसैगरी सोही नियमको उपनियम २(छ) मा स्थानीय स्तरका कर्मचारीको भ्रमण आदेश कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष देहाय अनुसारका कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेकोमा निजहरूको भ्रमण आदेश स्वीकृत गरेको नदेखिएको, भ्रमणको स्पष्ट उद्देश्य समेत नखुलेको तथा असम्बन्धित व्यक्तिले समेत भ्रमण आदेश स्वीकृत गरेको देखिएकोले सो अवस्थामा दैनिक तथा भ्रमण भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएकोले नियम विपरीत भुक्तानी गरेको दैनिक तथा भ्रमण भत्ता बापतको रू.५२,४००।०० सम्बन्धितबाट असूल गर्नुपर्ने रू.

| भौ.नं./मिति | भ्रमण गर्ने | भ्रमण मिति | स्थान | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६०-०७९/६/४ | प्र.अ. ज्ञानेन्द्र महत | २०७९/४/२२-२७ | काठमाण्डौं | ८४००/- | भ्र.आ.स्वीकृत नभएको |
| ६१-०७९/६/४ | सलेपा निराजन थापा | २०७९/४/२२-२७ | काठमाण्डौं | ६३००/- | भ्र.आ.स्वीकृत नभएको |
| ६२-०७९/६/४ | स.पाचौं. सुन्दरभक्त श्रेष्ठ | २०७९/४/२२-२७ | काठमाण्डौं | ६३००/- | भ्र.आ.स्वीकृत नभएको |
| ६३-०७९/६/४ | स.चौ. विश्वास दाहाल | २०७९/४/२२-२५ | काठमाण्डौं | ३९००/- | भ्र.आ.स्वीकृत नभएको |
| १७८-०७९/६/१४ | अ.दशौं कल्पना घिमिरे | २०७९/५/१९-२५ | काठमाण्डौं | १२०००/- | भ्र.आ.स्वीकृत नभएको |
| १३१-०७९/६/११ | प्र.स. कमल ब. तामाङ | २०७९/५/१९-२६ | काठमाण्डौं | ७५००/- | उपप्रमुखले भ्रमण आदेश स्वीकृत गरेको / सम्पूर्ण रकम कमल ब. तामाङले बुझिलिएकोमा सम्बन्धितलाई बुझाएको समेत नदेखिएको |
| | हसचा हिरा ब. तामाङ | २०७९/५/२८-२९ | काठमाण्डौं | १२५०/- | |
| | | २०७९/५/२४-२५ | चौतारा | १२५०/- | |
| | | २०७९/५/१०-१२ | काठमाण्डौं | १२५०/- | |
| | सागर रोका | | काठमाण्डौं | ४२५०/- | |
| | **जम्मा** | | | **५२४००/-** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,४०० |

**(क)** कार्यालयमा हाजिर भएको समयमा पदाधिकारी वा कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी गर्न मिल्दैन । पालिकाले यो वर्ष देहायका कर्मचारीलाई विभिन्न कार्यको लागि काज खटाएको भनि स्वीकृत भ्रमण आदेश अनुसार दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेकोमा कार्यालयको हाजिरी अभिलेख अनुसार सो समयमा निजहरू कार्यालयमा उपस्थित रहेको देखियो । कार्यालयमा उपस्थित रहेको अवस्थामा काज खटिएको भनि भ्रमण आदेश स्वीकृत गर्ने

पदाधिकारीलाई समेत जिम्मेबार बनाई त्यसरी भुक्तानी गरेको देहाय बमोजिमको रू.९३,८९०/-सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| भौ.नं./मिति | भ्रमण गर्ने | भ्रमण मिति | स्थान | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६१-०७९/६/४ | सलेपा निराजन थापा | २०७९/५/५-११ | चौतारा | ७५००/- | कार्यालयमा हाजिर रहेको |
| ६२-०७९/६/४ | स.पाचौं सुन्दरभक्त श्रेष्ठ | २०७९/५/५-११ | चौतारा | ७५००/- | कार्यालयमा हाजिर रहेको |
| ७९-०७९/६/६ | खरिदार सन्दिप बस्नेत | २०७९/५/२-८ | काठमाण्डौं | ७५००/- | कार्यालयमा हाजिर रहेको |
| ७९-०७९/६/६ | खरिदार राज कुमार बस्नेत | २०७९/४/२६-५/१ | काठमाण्डौं | ७५००/- | कार्यालयमा हाजिर रहेको |
| १३०-०७९/६/११ | असई केशर वली | २०७९/५/३०-६/५ | काठमाण्डौं | ८२२०/- | कार्यालयमा हाजिर रहेको |
| | असई मान ब.श्रेष्ठ | २०७९/५/३०-६/५ | काठमाण्डौं | ८२२०/- | |
| १४४-०७९/६/१२ | स.चा. विमल पौडेल | २०७९/६/१-७ | काठमाण्डौं | ७५००/- | कार्यालयमा हाजिर रहेको |
| २९२-०७९/७/१७ | स.चा. शेर ब.राउत | २०७९/६/२३-२९ | काठमाण्डौं | ६२५०/- | कार्यालयमा हाजिर रहेको |
| ६४८-०७९/९/२२ | अ.दशौं कल्पना घिमिरे | २०७९/८/१४-२० | विद्यालय अनुगमन | १५०००/- | कार्यालयमा हाजिर रहेको |
| १२९६-०८०/१/२४ | क. सहायक राजकुमार बस्नेत | २०८०/१/७-१३ | काठमाण्डौं | ७५००/- | कार्यालयमा हाजिर रहेको |
| १३००-०८०/१/२४ | लेखापाल अस्मिता विडारी | २०८०/१/१७-२३ | उल्लेख नगरेको | ११२००/- | कार्यालयमा हाजिर रहेको |
| | **जम्मा** | | | **९३८९०/-** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,८९० |

**(ख)** भ्रमण खर्च नियमावली, २०६४ को नियम ८ मा भ्रमणमा खटिएको पदाधिकारी वा कर्मचारीले बिदा लिएमा दैनिक भत्ता तथा भ्रमण खर्च नपाउने उल्लेख छ । पालिकाले भौ.नं. १२९४-०८०/१/२४ बाट स.ई. पुनम पाललाई २०७९/११/१५-२१ सम्मको स्वीकृत भ्रमण आदेश बमोजिम दैनिक तथा भ्रमण भत्ता बापत रू.८,५००/- भुक्तानी गरेकोमा निजको हाजिरी अभिलेख अनुसार निजले सो समयमा घर विदा लिएको देखिएकोले नियममा भएको व्यवस्था विपरित घर विदाको समयमा भुक्तानी गरेको दैनिक तथा भ्रमण भत्ता असूल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५०० |

२२ **भ्रमण गर्दा आफ्नो काज आफै स्वीकृत -** वागमती प्रदेश भ्रमण खर्च नियमावली, २०७७ को नियम ३ को उपनियम (२) अनुसार स्थानीस्तरका कर्मचारीले कार्यालय प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराएर मात्र भ्रमण गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयका श्री कल्पना घिमिरे (शिक्षा अधिकत दशौं तह) ले २०७९।११।१ - ११।७ सम्म काठमाण्डौ भ्रमण गर्दा भ्रमण आदेश आफै स्वीकृत गरी भ्रमण गरेकोले सो अवधिको आफ्नो भ्रमण काज आफै स्वीकृत गरी काठमाण्डौं भ्रमण गरी कार्यालयबाट रु.१३५००।- भुक्तानी लिएकोले आफ्नो काज आफै स्वीकृत गरी भ्रमण गर्ने कार्य नियमानुसार भएको मान्न नसकिने रु.

| | |
|---|---|
| अनियमित भएको | १३,५०० |

२३ **स्थानीय भत्ता भुक्तानी -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र उपलब्ध गराउने व्यवस्था छ । पालिकाले करारमा कार्यरत सूचना प्रविधि अधिकृत विकास पौड्याललाई मासिक पारिश्रमिक रू.४३,६८९/- तथा नियमानुसार चाडपर्व भत्ता र पोशाक उपलब्ध गराउने सम्झौता गरेकोमा सम्झौतामा उल्लेख गरेको बाहेक स्थानीय भत्ता बापत मासिक रू.१३५०/- दरले रू.१६,२००/-भुक्तानी गरेको देखियो । सम्झौतामा उल्लेख नभएको तथा नियमानुसार दिन नमिल्ने सुविधा बापत भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,२०० |

२४ **शीर्षक फरक पारी खर्च -** स्थानिय सरकार सञ्चान ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले यो वर्ष देहाय बमोजिमको रू.१,५९,९०५/- सभाबाट स्वीकृत शीर्षकभन्दा फरक शीर्षकबाट खर्च गरेको देखियो । कानुनमा भएको व्यवस्था तथा बजेटको सिद्धान्त विपरित शीर्षक फरक पारी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | भुक्तानी लिने | स्वीकृत शीर्षक | भुक्तानी शीर्षक | रकम |
|---|---|---|---|---|
| ८७-०७९/६/७ | व्या.हो.चा. विमल पौडेल | अनुगमन मूल्याङ्कन | मर्मत सम्भार | २३,८५५/- |
| १३७-०७९/६/१२ | विविलाल तामाङ | कर्मचारी वैठक भत्ता | दैनिक तथा भ्रमण खर्च | २५,७५०/- |
| २९५-०७९/७/१८ | ज्ञानेन्द्र महत | वीमा तथा नविकरन खर्च | वैठक भत्ता र विविध | १,१०,३००/- |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | | | **१,५९,९०५/-** |

| | |
|---|---|
| अनियमित भएको | १,५९,९०५ |

२५ **जरिवाना भुक्तानी -** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५ अनुसार रकम विनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नु पर्ने अवस्था आएमा त्यस्तो जरिवाना रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट दामासाहीले असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष धारा तथा बिजुलीको लागि रकम विनियोजन भएको अवस्थामा समेत समयमा विद्युत महशुल भुक्तानी नगर्नाले पालिकाले नेपाल विद्युत प्राधिकरणलाई रू.२०,२१५।०० जरिवाना तिर्नु परेकोले सो जरिवाना रकम सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| **भौ.नं./मिति** | **भुक्तानी पाउने** | **बिल संख्या** | **बिल रकम** | **जरिवाना भुक्तानी** | **शीर्षक** |
|---|---|---|---|---|---|
| ३७५-०७९/८/१८ | नेपाल विद्युत प्राधिकरण | २ | ८५,७०३/- | २०,२१५/- | गा.पा. चालु |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,२१५ |

२६ **वार्षिक मर्मत खर्च -** पालिकाले यो वर्ष देहायका आपूर्तकसँग कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका मेशीनरी उपकरणहरूको नियमित सर्भिसिङ, चेकजाँच, मर्मत सम्भार तथा तत्काल सपोर्ट गर्नेगरी वार्षिक सम्झौता गरी देहाय अनुसारको रकम सम्झौता गरेकै बखत एकमुष्ठ भुक्तानी गरेको देखियो ।

| **आपूर्तक** | **सम्झौता मिति** | **अबधी** | **काम** | **वार्षिक सम्झौता रकम** |
|---|---|---|---|---|
| विप्रो टेक्नोलोजी प्रा.ली. काठमाण्डौं | २०७९/५/१ | २०८०/४/३१ सम्म | कम्प्यूटर, ल्यापटप, प्रिन्टर मर्मत | ४,९६,२९६/- |
| महत इन्टरनेशनल ट्रेड लिङ्क, काठमाण्डौं | २०७९/५/१ | २०८०/४/३१ सम्म | फोटोकपी मेशिन, सिसिटिभि, एसी, प्रोजेक्टर, रेफ्रिजेनेरेटर, टिभि मर्मत | ३,९६,४०४/- |
| | | | **जम्मा** | **८,९२,७००/-** |

यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु देहाय अनुसार रहेका छन् :

- पालिकाले २ फरक आपूर्तकसँग उस्तै प्रकारको कार्य गर्ने गरी एकै समयमा वार्षिक सम्झौता गरेको देखिन्छ । एउटा आपूर्तकले कम्प्यूटर, ल्यापटप, प्रिन्टर तथा अर्को आपूर्तकले फोटोकपी मेशीन, सिसिटिभि, ए.सी.,

प्रोजेक्टर, रेफ्रिजेनेरेटर, टिभि मर्मत गर्ने गरी २०७९/५/१ मा सम्झौता गरेको छ । सम्झौतामा कति समयको फरकमा नियमित मर्मत गर्नुपर्ने हो, कति परीमाणमा मर्मत गर्नुपर्ने हो लगायत मर्मतको न्यूनतम विषयसमेत उल्लेख गरेको छैन । पालिकाले सम्झौता गर्नासाथ सम्झौता अनुसारको सम्पूर्ण रकम एकमुष्ठ रूपमा भुक्तानी गरेको देखिन्छ । तर आपूर्तकले वर्षभरीमा कतिपटक कार्यालय भ्रमण गर्यो, कति परीमाणका मेशिनरी उपकरण सर्भिसिङ, चेकजाँच तथा मर्मत सम्भार गर्यो सो खुल्ने कुनै अभिलेख अद्यावधिक गरेको देखिएन । कार्यालयले आवश्यकता अनुसार आपूर्तकलाई समय समयमा मर्मत आदेश समेत दिएको देखिएन । पालिकाले सम्झौतामा नियमित सर्भिसिङ तथा तत्काल सपोर्ट गर्नुपर्ने विषय समेत उल्लेख गरेकोमा आपूर्तक काठमाण्डौमा रहेको अवस्थाले सो शर्त पालना हुनसक्ने वा भएको अवस्था देखिदैंन ।

- पालिकाले उल्लेखित दुई आपूर्तकसँग वार्षिक सम्झौता गरी सम्झौता रकम एकमुष्ठ भुक्तानी गरेकोमा पुनः पटक पटक उहि वा अन्य आपूर्तकलाई समेत देहाय अनुसारको रकम मर्मत बापत भुक्तानी गरेको देखिन्छ भने सम्झौता गरेका आपूर्तकले मर्मत सम्भार तथा चेकजाँच गरेको स्पष्ट खुल्ने अभिलेख राखेको देखिएन । पालिकाले आपूर्तकलाई बिभिन्न समयमा मेशिन उपकरणको एसोसरीज, पाट्र्स उपलब्ध गराएको जनाई देहाय अनुसार बिभिन्न बिलबाट भुक्तानी समेत गरेको देखिन्छ । तर ति एसोसरिज, पाट्र्स कुन उपकरणमा प्रयोग गरियो खुल्ने अभिलेख लेखापरीक्षणको क्रममा पेश हुन आएन । यसका साथै पालिकाले समय समयमा विभिन्न अन्य आपूर्तकलाई उस्तै उपकरण मर्मत तथा एसोसरिज बापतको रकम समेत भुक्तानी गरेको देखिन्छ । यसबाट पालिकाले एकै प्रकृतिको मर्मतमा दोहोरो खर्च लेखेको देखिन्छ। जसलाई देहाय अनुसार उल्लेख गरिएको छः

| भौ.नं./मिति | आपूर्तक | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ९०-०७९/६/७ | एक्टिभ कम्प्यूटर सेन्टर | न.पा. र वडा कार्यालयको कम्प्यूटर, ल्यापटप **मर्मत** तथा आवश्यक एसोसरिज खरिद | २,१०,०१०/- |
| ३६४-०७९/७/३० | एक्टिभ कम्प्यूटर सेन्टर | ल्यापटप ब्याट्री, एस.एस.डी., किवोर्ड लगायत | ७१,१००/- |
| ४७७-०७९/८/२७ | एक्टिभ कम्प्यूटर सेन्टर | ल्यापटप **मर्मत**, कार्टेज लगायत | ९८,७६२/- |
| ७१२-०७९/१०/५ | एक्टिभ कम्प्यूटर सेन्टर | ल्यापटप र प्रिन्टर **मर्मत** | ८०,५९७/- |
| ६९६-०७९/१०/४ | कृष्ण भण्डारी | एयर कन्डिसनर (ए.सी.) **मर्मत** | ५०,७५०/- |
| १०२-०७९/६/११ | विप्रो टेक्नोलिजी प्रा.ली. | एस.एस.डी., एडाप्टर लगायत | ८३,५७३/- |
| ५१६-०७९/९/३ | विप्रो टेक्नोलिजी प्रा.ली. | एस.एस.डी., ल्यापटप ब्याट्री लगायत | ७६,९५३/- |
| ६८०-०७९/१०/३ | विप्रो टेक्नोलिजी प्रा.ली. | एस.एस.डी., किवोर्ड लगायत | ३८,६४६/- |
| १२००-०८०/१/५ | विप्रो टेक्नोलिजी प्रा.ली. | एस.एस.डी., पावर कटबल लगायत | ७४,२३९/- |

| | | | |
|---|---|---|---|
| १५४५-०८०/३/८ | विप्रो टेक्नोलिजी प्रा.ली. | एस.एस.डी., किवोर्ड लगायत | ३७,९६८/- |
| १६९४-०८०/३/२२ | विप्रो टेक्नोलिजी प्रा.ली. | एस.एस.डी., किवोर्ड लगायत | ६३,५६२/- |
| | **जम्मा** | | **८,८६,१६०/-** |

पालिकाले विप्रो टेक्नोलोजी प्रा.ली. सँग कम्प्यूटर, ल्यापटप, प्रिन्टर तथा महत इन्टरनेशनल ट्रेड लिङ्कसँग फटोकपी मेशिन, एयर कन्डिसनर (एसी), सिसिटिभि, प्रोजक्टर, रेफ्रिजेनेरेटर, टि.भि. लगायतका मेशिन उपकरणहरूको नियमित सर्भिसिङ, चेकजाँच, मर्मत सम्भार तथा तत्काल सपोर्टको लागि वार्षिक सम्झौता गरी सम्झौता कै बखतमा एकमुष्ठ मू.अ.कर समेत क्रमशः ४,९६,२९६/-र रू.३,९६,४०४/-समेत रू.८,९२,७००/-भुक्तानी गरेकोमा कार्यालयले सम्झौता गरेको भन्दा फरक आपूर्तकबाट समय समयमा उल्लेखित उपकरणहरू मर्मत गरी भुक्तानी गरेको, विप्रो टेक्नोलिजीले पटक पटक गरी ६ वटा बिलबाट उस्तै उस्तै प्रकारका एसोसरिज आपूर्ति गरेको जनाई रू.३,७४,९४१/-भुक्तानी लिएको तर मर्मतको कुनै प्रमाण पेश हुन नसकेको, कार्यालयले मर्मत अभिलेख खाता समेत नराखेको, सम्झौता गरेको मध्ये महत इन्टरनेशनल ट्रेड लिङ्कले एक पटक पनि पालिका भ्रमण गरेको वा मर्मत सम्बन्धि कार्य गरेको नदेखिएको, सम्झौतामा नियमित मर्मत र तत्काल सपोर्टको कार्य गर्ने उल्लेख गरेतापनी पालिका र आपूर्तक बीचको दुरीले गर्दा त्यो सम्भव नदेखिएको लगायतको अवस्थामा वार्षिक मर्मत सम्भारको नाममा सम्झौता कै बखत एकमुष्ठ रकम भुक्तानी गर्नुको औचित्य पुष्टि हुन सकेन । त्यसैगरी पालिकाले आवश्यकता अनुसार समय समयमा मेशिन उपकरण मर्मत सम्भार बापत छुट्टै रकम समेत खर्च लेखेकोमा उल्लेखित आपूर्तकलाई वार्षिक सम्झौताको नाममा एकमुष्ठ भुक्तानी गर्न मिल्ने नदेखिएकोले दुई आपूर्तकलाई भुक्तानी गरेको रू.८,९२,७००/- सम्बन्धित आपूर्तकबाट असूल गर्नुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९२,७०० |

२७ **कोपोमिस तालिम —**पालिकाले भौ.नं. १२८६-०८०/१/२१ बाट २०७९/१२/१९ देखि २१ सम्म ३ दिने सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूको लागि कोपोमिस तालिम सञ्चालन गरे बापत स.पाँचौं उद्धप्रसाद कंडेलको नामको रू.१,७०,०००/-पेश्की फछ्र्यौट समेत रू.२,५०,०००/-भुक्तानी गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरू देहाय बमोजिम रहेका छनः

(क) अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.१५(४) मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकलाई कार्यपत्र बापत रू.१०००/-र कक्षा सञ्चालन बापत रू.४००/-समेत प्रति सेसन रू.१४००/-उपलब्ध गराउनुपर्ने उल्लेख छ । कोपोमिस तालिममा स्रोत व्यक्तिको रूपमा प्रशिक्षण दिए बापत सहकारी विभागका शाखा अधिकृत नविन मैनालीलाई प्रति सेसन रू.३,०००/-दरले १२ सेसनको रू.३६,०००/-भुक्तानी गरेको देखिएकोले निर्देशिकामा भएको व्यवस्था विपरीत रू.१९,२००/-बढी भुक्तानी गरेको देखियो । अतः निर्देशिकामा उल्लेखित दर भन्दा बढी दरले भुक्तानी दिएको रकममा कर कट्टी पश्चात बाँकी रहेको असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,२०० |

(ख) १८ जना सहभागी भएको तालिम कार्यक्रम बाह्रबिसे रिसोर्टमा सञ्चालन भएको र रिसोर्टमा खाना, खाजा, आवास समेत सम्पूर्ण व्यवस्थाको रू.१,३८,५२०/-भुक्तानी गरेकोमा पुनः ३ दिनको हलभाडा भनि रू.२४,०००/-खर्च लेखेको देखियो । रिसोर्टमा सम्पूर्ण व्यवस्था सहितको प्याकेजमा कार्यक्रम सञ्चालन गरेर पुनः हलभाडा बापत खर्च लेख्नुको औचित्य पुष्टी हुन नसकेकोले हल भाडा बापत खर्च लेखेको रकम असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

(ग) तालिम कार्यक्रममा २४ जना सहभागी भएको जनाई सहभागी यातायात खर्च बापत रू.१२,०००/-खर्च लेखेकोमा सहभागीको उपस्थिति विवरण अनुसार सविता तामाङ, रजनी थापा समेत ६ जना उपस्थित नभएको, ३ दिने तालिममा १८ जना मात्र सहभागी भई प्रि-टेस्ट र पोष्ट टेस्ट नतिजामा समेत १८ जना मात्र उल्लेख गरेको देखिएकोले उपस्थित नभएका ६ जनाको नाममा लेखेको यातायात खर्च रू.३०००/-कार्यक्रम सञ्चालनबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

(घ) तालिम कार्यक्रममा सहभागी भएको भनि बापत नगरप्रमुख, उपप्रमुख तथा कर्मचारी समेत २१ जनालाई सहभागी भत्ता रू.२१,०००/-भुक्तानी गरेकोमा निजहरू उदघाटनको लागि मात्र उपस्थित भएको देखिन्छ । कार्यक्रमको उदघाटन सत्रमा केही छिन सहभागि भएकै कारण सहभागी भत्ता पाउने व्यवस्था नरहेकोले उक्त रकम असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,००० |

२८ **पुस्तक विमोचन —** भौ.नं.१४४७-०८०/३/३ बाट पालिकाले रमेश क्षितिज द्वारा लिखित "पर्वत पर्वतमा बटुवा घाम" पुस्तक विमोचन कार्यक्रमको खर्च बापत सिन्धु विच रिसोर्ट प्रा.ली.लाई रू.१,०३,३९५/-विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी गरेको देखियो । व्यक्तिगत रूपमा लेखिएको पुस्तकको विमोचन कार्यक्रममा भएको खर्च रकम पालिकाबाट भुक्तानी गर्न मिल्ने नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,०३,३९५ |

२९ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी निकायले रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नेपर्ने उल्लेख छ । भौ.नं. १५-०७९/६/३ बाट पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खरिद वापत जित जनरल ट्रेडर्सलाई बिल बमोजिम रू.९,२३,०४६/-भुक्तानी गरेकोमा रू.९,११,७४५/-बराबरको सामान मात्र कार्यालयमा प्राप्त भई २०७९/५/१० मा जिन्सी दाखिला गरेको देखिएकोले कार्यालयमा प्राप्त भएको सामानको रकम भन्दा बढी भुक्तानी गरेको रू.११,३०१/- सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३०१ |

(क) १३२१-०८०/२/२१ पालिकाले समलन्द तथा कार्यालय सामाग्री खरिद वापत जे एस जनरल सप्लायर्सलाई बिल बमोजिम रू.९,८८,०७२/-भुक्तानी गरेकोमा रू.९,७६,७७३/-बराबरको सामान मात्र कार्यालयमा प्राप्त भई जिन्सी दाखिला गरेको देखिएकोले कार्यालयमा प्राप्त भएको सामानको रकम भन्दा बढी भुक्तानी गरेको रू.११,२९९/- सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२९९ |

३० **योजना अनुगमन -** पालिकाले देहायका वडा अध्यक्षहरूलाई योजना अनुगमन भनि देहाय बमोजिम रू.६०,७५०/- दैनिक तथा भ्रमण भत्ता बापत भुक्तानी गरेकोमा निजहरूको भ्रमण आदेशमा योजनाको नाम, स्थान लगायत कुनै पनि विवरण नखुलेको, निजहरूले अनुगमन पश्चात अनुगमन गरेको कामको विवरण समेटेर प्रतिवेदन पेश नगरेको तथा योजना अनुगमन गर्न उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति रहेको तथा स्थान नखुलेको अवस्थामा आफ्नै वडा भित्रका योजना अनुगमन भनि भुक्तानी गर्न समेत नमिल्ने देखिएकोले योजना अनुगमनको नाममा भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं./मिति | भुक्तानी लिने | भ्रमण मिति | उद्देश्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| १४०१-०८०/२/२६ | वडा नं.२ अध्यक्ष रेशम ब. तामाङ | २०७९/११/१५-२१ | योजना अनुगमन | ७५००/- |
| | | २०७९/१२/१-८ | योजना अनुगमन | ७५००/- |
| | | २०७९/१२/१४-२० | योजना अनुगमन | ७५००/- |
| | | २०८०/१/३-९ | योजना अनुगमन | ७५००/- |
| | | २०८०/१/८-१५ | योजना अनुगमन | ७५००/- |
| १५४६-०८०/३/८ | वडा नं.९ अध्यक्ष कृष्ण ब. राय | २०७९/१२/११-१७ | योजना अनुगमन | ७७५०/- |
| | | २०८०/१/९-१५ | योजना अनुगमन | ७७५०/- |
| | | २०८०/२/१७-२३ | योजना अनुगमन | ७७५०/- |
| | **जम्मा** | | | **६०,७५०/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,७५० |

३१ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।पालिकाले पशुतर्फ हलगोरु पालक कृषकहरुलाई प्रोत्साहन रकम वापत प्रति हल रु.१००००।०० को दरले ८५२ परिवार संख्यालाई ८५२ हलगोरु वापत रु.८५२००००।०० खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको

सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परिक्षण गर्दा पालिकाले यो वर्ष निम्नानुसारको खरिद कार्य प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गर्नुपर्नेमा टुक्रा टुक्रा पारी विभिन्न आपूर्तकबाट प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिदबाट भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

| भौ.नं. तथा मिति | आपूर्तक | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १५-०७९/६/३ | जित जनरल ट्रेडर्स | मसलन्द तथा कार्यालय सामाग्री | ९२३०४६/- |
| १६-०७९/६/३ | लेनदेन ट्रेडर्स | मसलन्द तथा कार्यालय सामाग्री | ५१६२७४/- |
| १८-०७९/६/३ | क्षमादेवी प्रिन्टीङ्ग | मसलन्द तथा कार्यालय सामाग्री | ९४५२५/- |
| १९-२१, ०७९/६/३ | क्षमादेवी स्कृन प्रिन्ट | मसलन्द तथा कार्यालय सामाग्री | ५२२००/- |
| ४६१-०७९/८/२७ | जे कृष्ण ट्रेड लिङ्क | मसलन्द तथा कार्यालय सामाग्री | ८७१८५१/- |
| ८९९-०७९/११/१० | रमा एण्ड सन्स सप्लायर्स प्रा.ली. | मसलन्द तथा कार्यालय सामाग्री | ९०८४००/- |
| ९२१-०७९/११/१४ | क्षमादेवी प्रिन्टीङ्ग | मसलन्द तथा कार्यालय सामाग्री | १७५४७८/- |
| ९२५-०७९/११/२५ | क्षमादेवी प्रिन्टीङ्ग | मसलन्द तथा कार्यालय सामाग्री | १७१७६०/- |
| १२०३-०८०/१/५ | क्षमादेवी प्रिन्टीङ्ग | मसलन्द तथा कार्यालय सामाग्री | २५०२६७/- |
| १२४२-०८०/१/१३ | क्षमादेवी प्रिन्टीङ्ग | मसलन्द तथा कार्यालय सामाग्री | १२५७०७/- |
| १४३१, ०८०/२/३० | क्षमादेवी स्कृन प्रिन्ट (१४३१,१४३२,१४३३) | मसलन्द तथा कार्यालय सामाग्री | १७२६८४/- |
| १३२१-०८०/२/२१ | जे एस जनरल सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ९८८०७२/- |
| २४-०७९/६/३ | विप्रो टेक्नोलोजी प्रा.ली. | कम्प्यूटर, प्रिन्टर | १८६९०२/- |
| १७-०७९/६/३ | म्याक्स इन्टरनेशनल | ल्यापटप खरिद | १३१०८०/- |
| ५१६-०७९/९/३ | विप्रो टेक्नोलोजी प्रा.ली. | ई-एटेन्डेन्स मेशिन | १९८३१५/- |

| | | | |
|---|---|---|---|
| ५३२-०७९/९/५ | विप्रो टेक्नोलोजी प्रा.ली. | ल्यापटप खरिद | १६३००२/- |
| १२१३-०८०/१/६ | महत इन्टरनेशनल ट्रेड लिङ्क | कम्प्यूटर, प्रिन्टर | ११८०८५/- |
| २५-०७९/६/३ | स्माइल एड्भरटाइजिङ प्रा.ली. | सूचना प्रकाशन | १५८६५२/- |
| ९४-०७९/६/११ | लोकप्रिय समाचार | सूचना प्रकाशन | १०४११५/- |
| ४५९-०७९/८/२७ | स्माइल एड्भरटाइजिङ प्रा.ली. | सूचना प्रकाशन | १५३७७०/- |
| ५६४-०७९/९/१२ | क्रियटिभ मिडिया प्रिन्ट प्रा.ली. | सूचना प्रकाशन | ११०८८६/- |
| ६७९-०७९/१०/३ | स्माइल एड्भरटाइजिङ प्रा.ली. | सूचना प्रकाशन | १५३७७०/- |
| ८२४-०७९/१०/२४ | आगन मिडिया प्रा.ली. | सूचना प्रकाशन | ११३९०४/- |
| ९६९-०७९/११/२५ | नेशनल मिडिया एजेन्सी प्रा.ली. | सूचना प्रकाशन | ११७२२६/- |
| १४१०-०८०/२/२९ | स्माइल एड्भरटाइजिङ प्रा.ली. | सूचना प्रकाशन | ११७१५८/- |
| १४८६-०८०/३/५ | सोहन मेडि हेल्थ | औषधी खरिद | ९९९५२०/- |
| | **जम्मा** | | **८०७६६४९/-** |

| | |
|---|---|
| अनियमित भएको | ८०,७६,६४९ |

३३ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३४ **एप्पल म्याक बुक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३(१) मा कुनै कर्मचारी सरूवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको विद्युतिय प्रणाली सञ्चालनसँग सम्बन्धित पासवर्ड वा सोर्स कोड वा अन्य संकेत हालवाला वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने उल्लेख छ । पालिकाका प्रमुख प्रशासकिय अधिकृत इश्वरी प्रसाद शर्माले आफू

कार्यरत रहँदाको बखत प्रयोग गरेको रू.३,२४,६४९/-मूल्यको एप्पल म्याक बुक (Apple Mac Book) आफू सरूवा भई अन्यत्र जाँदा त्यसमा प्रयोग भएको पासवर्ड वा सोर्स कोड कार्यालयलाई उपलब्ध नगराएकोले पासवर्ड वा सोर्स कोडको अभावमा उक्त म्याक बुक लामो समयदेखि स्टोरमा प्रयोगहीन अवस्थामा रहेकोले कर्मचारी जुकसुकै अवस्थामा कार्यालयबाट अलग हुँदा कर्मचारीलाई उपलब्ध गराएको जिन्सी मालसामान तथा त्यसको पासवर्ड वा सोर्स कोड वा अन्य संकेत कार्यालयलाई उपलब्ध गराउनुपर्ने अन्यथा जिन्सी मालसामान नबुझी सोको लागत मूल्य बराबरको मूल्य असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२४,६४९ |

३५ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरीद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता एवं अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति वा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति वा जिन्सी खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ.नं. १३७५-०८०/२/२४ बाट मोर्डन कम्प्यूटर लिङ्कबाट खरिद गरेको क्यानन कलर प्रिन्टर १ थान रू.२८,०००/-तथा ई मेशिन सप्लायर्सबाट खरिद गरेको डेल ल्यापटप १ थान रू.९२,०००/-समेत रू.१,२०,०००/-को प्रिन्टर तथा ल्यापटप जिन्सी आम्दानी बाँधेको नदेखिएकोले स्पेशिफिकेशन समेत खुलाई जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

३६ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३७ **जिन्सी दाखिला नभएको -** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५(१) मा कार्यालयले प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था छ ।पालिकाले

यो वर्ष विभिन्न योजनाको डिपिआरमा खर्च लेखेकोमा परामर्शबाट प्राप्त निम्न योजनाको डिपिआर प्रतिवेदन जिन्सी दाखिला नगरी भक्तानी गरेको पाइयो । नियमावलीमा व्यवस्था भए बमोजिम निम्न योजनाको डिपिआर प्रतिवेदन (PAMS) मा जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| **गो भौ र मिति** | **कार्य विवरण** | **परामर्शदाता** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ४५७-२०८०।३।२० | **Consulting work for preparation of product and infrastructure development of Ratamata** | टेक्नोनेट कन्सल्ट प्रालि | १९७७५०।०० |
| २८०-२०७९।१२।१६ | जुरे कालिकास्थान राम्चे सडक डिपिआर | जि पि एस टेक्नोलिज प्रालि | ४०००००।०० |
| २८०-२०७९।१२।१६ | जुरे कालिकास्थान राम्चे सडक डिपिआर | नेपाल गाउँ घुडें सडक डिपिआर | ३४७४९५।०० |
| | | **जम्मा** | **९४५२४५।००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,४५,२४५ |

३८ **जिन्सी सामान फिर्ता नगरेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरूवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, वित्तीय कारोबारको स्रेस्ता वा अन्य सरकारी कागजात हालवाला वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सोही नियमावलीमा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान वा अन्य सम्पत्ति नबुझाएमा वा बदनियत पूर्वक हानि नोक्सानी वा हिनामिना गरेको देखिएमा त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको खरिद मूल्यलाई आधार मानेर निजबाट असूलउपर गरिने उल्लेख छ । पालिकाका देहायका पदाधिकारी तथा कर्मचारीले आफू कार्यरत रहँदा बुझिलिएको देहाय अनुसारको रू.६,९३,७३६/-मूल्य बराबरका जिन्सी मालसामान आफ्नो कार्यकाल सकिए पश्चात तथा अन्यत्र सरूवा भई जाँदा समेत पालिकामा फिर्ता नगरी आफूसँगै लिएर गएको देखियो । त्यसरी लगेको जिन्सी मालसामान लेखापरीक्षण अबधिसम्म पनि पालिकामा फिर्ता दाखिला गरेको छैन । निजहरूले बुझेको बखत पालिकाले उल्लेखित जिन्सी मालसामान बजारबाट नयाँ खरिद गरेको र निजहरूले फिर्ता नगरी हालसम्म प्रयोग गरीरहेकोमा उक्त सामान पालिकामा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा निजहरूबाट असूल गर्नुपर्ने रु.

| **पद, नाम** | **बुझेको सामान** | **खरिद/बुझेको मिति** | **परल मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| प्र.प्र.अ. अमर प्रसाद भट्ट | Dell Vesto Laptop १ थान | २०७८/६/४ | १,२७,०००/- | २०७९ भाद्र महिनामा सरूवा भई गएको । |
| | Smart LED TV 43" १ थान | २०७८/११/११ | १,०९,०४५/- | |

| | | | | |
|---|---|---|---|---|
| | LG Refrigerator १ थान | २०७८/३/८ | ६२,१५०/- | |
| निवर्तमान नगरप्रमुख निमफून्जो शेर्पा | IPad Pro 11/512 GB-IPAD Apple१ थान | २०७७/६/१६ | १,९४,३६०/- | २०७९ जेष्ठबाट कार्यकाल सकिएको । |
| निवर्तमान उपप्रमुख सुशिला पाखिन | HP Laptop १ थान | नयाँ खरिद, मिति उल्लेख नगरेको | ९९,६६७/- | २०७९ जेष्ठबाट कार्यकाल सकिएको । |
| निवर्तमान नगरप्रमुखको स्वकिय सचिव सितल मोक्तान | Dell Branded Laptop१ थान | २०७७/३/२ | ७६,६१४/- | २०७९ जेष्ठबाट कार्यकाल सकिएको । |
| प्र.प्र.अ. रमेश प्र. गौतम | Samsung Mobile१ थान | नयाँ खरिद, मिति उल्लेख नगरेको | २४,९००/- | सरूवा भई अन्यत्रै गएको । |
| | **जम्मा** | | **६,९३,७३६/-** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९३,७३६ |

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ११३ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु.९१२२३५०।४८ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४० **शिक्षातर्फ**

४०.१ **विद्यालय अनुदान -** बाह्रबिसे नगरपालिकाको शिक्षा नियमावली, २०७६ को नियम २२(१) मा कुनै विद्यालयले आफ्नो स्रोतबाट तलबभत्ता दिलाउने गरी निजी स्रोतमा शिक्षक राख्नपर्ने भएमा विद्यालय व्यवस्थापन समितिले कार्यविधि तयार गरी सोही बमोजिम शिक्षक नियुक्ती गर्नुपर्ने उल्लेख छ । यसरी नियुक्ती गरिएका शिक्षकको तलबभत्ता विद्यालयले आफ्नो स्रोतबाट भुक्तानी गर्नुपर्दछ । पालिकाले हालसम्म आफ्नो नगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा व्यवस्थापन सर्भेक्षण गरी शिक्षक दरबन्दी निर्धारण/मिलान गर्ने कार्य गरेको छैन । पालिकाले यो वर्ष विद्यालय शिक्षकको स्वीकृत दरबन्दी भित्र पर्ने बाहेक विद्यार्थीको चाप समेतलाई विचार गरेर करारमा नियुक्ती गरीएका थप शिक्षक (निजी स्रोत) तथा बालविकास सहजकर्ताहरूको तलबभत्ताको लागि पालिका अन्तर्गतका विभिन्न

विद्यालयलाई नगरपालिका चालु खर्च शीर्षकबाट रू.१,९७,७९,८९४/- अनुदान उपलब्ध गराएको देखियो । पालिकाले विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको दरबन्दी निर्धारण/मिलान गरेर मात्र शिक्षक पदपूर्ति गर्ने तथा विद्यालयको आफ्नो स्रोतबाट त्यस्तो शिक्षकको तलबभत्तामा खर्च गर्नेतर्फ जोड दिई पालिका माथिको निर्भरता क्रमशः घटाउदै लैजानुपर्दछ ।

**(क) पाठ्यपुस्तक अनुदान** : शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्थामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत तथा विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनुपर्ने साथै यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र बितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था गर्नुपर्ने र जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक अनुदानबाट पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई बितरण गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तकको पहिलो पटक निकासा दिँदा २०७९ को IEMIS को विवरण अनुसार ८० प्रतिशत निकासा दिएको र विद्यालयहरुले पुस्तक खरिदको बिल पेश गरेको आधारमा पहिले लगेको निकासा रकम भन्दा पाठ्यपुस्तक खरिदको बिल बढी पेश गरेमा नपुग रकम भुक्तानी दिएको छ । पाठ्यपुस्तकको लागि लगेको निकासा रकम भन्दा कमको पाठ्यपुस्तक खरिदको बिल पेश गर्ने विद्यालयहरुले समेत बढी भएको निकासा फिर्ता गरेको अवस्था छैन । विद्यालयहरुले खरिद गरेका पाठ्यपुस्तक बितरण भए भएनन् सो को भरपाई पालिकामा पेश नगरेको र स्थानीय तहले पनि विद्यालयहरुले अनुदानबाट खरिद गरेका पाठ्यपुस्तक विद्यार्थीलाई बितरण गरे नगरेको अनुगमन गरेको देखिँदैन । विद्यालयहरुले यस वर्ष पाठ्यपुस्तकको लागि लगेको निकासा शैक्षिक सत्र २०८० मा नयाँ भर्ना हुने विद्यार्थीहरुका लागि भएको र २०८० मा भर्ना भएका विद्यार्थीहरुको संख्या २०८० को IEMIS प्रतिवेदनले दिने गर्दछ । २०८० को IEMIS प्रतिवेदन अनुसारको विद्यार्थीको संख्याका आधारमा भएको पुस्तक खरिद तथा बितरणलाई आधार मानी हुनुपर्ने निकासा र विद्यालयहरुले पाठ्यपुस्तकको लागि लगेको निकासा रकममा निम्नानुसारको फरक देखिएकोले फरक परेको रकम असूल गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा भएको रकम | २०८० को IEMIS अनुसार निकासा हुनुपर्ने रकम | बढी निकासा |
|---|---|---|---|---|
| १ | महाकाली आ वि | ९६२९ | ७५९२ | २०३७ |
| २ | नमुना सुनखानी आ वि | २९७४६ | २६८४७ | २८९९ |
| ३ | बाह्रदेवी आ वि | २०८०० | १४१५३ | ६६४७ |
| ४ | क्षमादेवी मा वि | २७३८९० | २६६३०४ | ७५८६ |
| ५ | बाल कल्याण आ वि | ३७९४८ | ३६०२२ | १९२६ |

| | | | | |
|---|---|---|---|---|
| ६ | सरस्वती शंकर मा वि | १७३९५८ | १६७८७३ | ६०८५ |
| ७ | किरातेश्वर आ वि | १३२०८ | १०३०२ | २९०६ |
| ८ | बासुकीदेवी आ वि | १५८२२ | १४०८२ | १७४० |
| ९ | कालीदेवी मा वि | १०२८५२ | ९४५९६ | ८२५६ |
| १० | गोरखनाथ आ वि | १०१९७७ | ९४५१३ | ७४६४ |
| ११ | खडादेवी आ वि | ४१६७१ | ३६४९३ | ५१७८ |
| १२ | नमुना सिमसार आ वि | ५५३२४ | ४३५७२ | ११७५२ |
| १३ | बालहित आ वि | १२४०९ | १०३०४ | २१०५ |
| १४ | दिप ज्योति आ वि | १४९९३ | १२७७६ | २२१७ |
| १५ | भुमेश्वरी आ वि | ४१३४५ | ४००९७ | १२४८ |
| १६ | सुन्दरी देवी आ वि | १४८०६ | १२९२० | १८८६ |
| १७ | कुम्भेश्वरी आ वि | ९०१३ | ५०८२ | ३९३१ |
| १८ | सुनकोशी मा वि | ८७३२६ | ८१२७५ | ६०५१ |
| १९ | कमला देवी आ वि | २८८५४ | १९८८३ | ८९७१ |
| २० | नेपाल राष्ट्रिय मा वि | १५७३०४ | १३४७४७ | २२५५७ |
| २१ | दुर्गाशक्ति आ वि | २०६५५ | १७७९७ | २८५८ |
| २२ | महाकाली आ वि | २८५९२ | २६४७२ | २१२० |
| २३ | सेतीदेवी पञ्चकन्या आ वि | २५२३७ | २२३१३ | २९२४ |
| २४ | सरस्वती मा वि | १२३७३७ | ११८२९३ | ५४४४ |
| २५ | भट्टे आ वि | ८०३१ | ६८४४ | ११८७ |
| २६ | हिमचुली आ वि | ८३८३ | ६०३९ | २३४४ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | | १३०३१९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३०,३१९ |

४०.२ **ईआईएमएस भन्दा बढी विद्यार्थीलाई दिवा खाजा अनुदान भुक्तानी -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन प्रणाली **आईएमआईएस** (IEMIS) मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कडा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर सम्बन्धित स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले वार्षिक रुपमा विद्यालय भौतिक रुपमा चलेको दिनमा विद्यार्थी उपस्थित भएको दिनको आधारमा १८० दिनसम्मको दिवा खाजाको लागि रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्न विद्यालयलाई शैक्षिक व्यवस्थापन प्रणाली **आईएमआईएस** मा समावेश भएको विद्यार्थी संख्या भन्दा बढी हुने गरी दिवा खाजा बापतको रकम उपलब्ध गराएकोले **आईएमआईएस** मा समावेश भएको विद्यार्थी संख्या भन्दा बढीलाई भएको भुक्तानी रकम असूल गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **कक्षा** | **IEMIS अनुसार विद्यार्थी संख्या** | **दिवा खाजा भुक्तानी भएका विद्यार्थी** | **IEMIS भन्दा बढी विद्यार्थी** | **दिन** | **दर** | **जम्मा** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|---|
| ने.रा.मा.वि. | २ | १० | १३ | ३ | १६१ | १५ | २४१५ | ७२४५ |
| | ३ | ११ | २० | ११ | १६१ | १५ | २४१५ | |
| | ४ | १६ | १९ | ३ | १६१ | १५ | २४१५ | |
| सुनकोशी मा.वि. | ECD | २२ | २६ | ४ | ५४ | १५ | ३२४० | ३२४० |
| क्षमादेवी आ.वि. | ECD | ३७ | ४१ | ४ | ४८ | १५ | २८८० | ५४३० |
| | १ | १४ | १५ | १ | ८६ | १५ | १२९० | |
| | २ | १८ | १९ | १ | ८४ | १५ | १२६० | |
| शारदा मा.वि. | ECD | ३४ | ३६ | २ | ५४ | १५ | १६२० | ४१४० |
| | १ | १० | १३ | ३ | ४० | १५ | १८०० | |
| | ३ | २२ | २३ | १ | ४८ | १५ | ७२० | |
| भद्रकाली मा.वि. | ४ | १५ | १८ | ३ | ४७ | १५ | १२३ | ५५३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नमुना सुनखानी आ वि | ECD | ४२ | ४९ | ७ | ४८ | १५ | ५०४० | १०४८५ |
| | २ | ६ | ७ | १ | ४७ | १५ | ७०५ | |
| | ३ | ६ | ७ | १ | ४७ | १५ | ७०५ | |
| | ४ | ७ | ९ | २ | ४६ | १५ | १३८० | |
| | ५ | १५ | १८ | ३ | ५९ | १५ | २६५५ | |
| नमुना सुनखानी आ वि | ECD | ४२ | ८० | ८ | ८० | १५ | ९६०० | १६३०५ |
| | ४ | ७ | १० | ३ | ६९ | १५ | ३१०५ | |
| | ५ | १५ | १८ | ३ | ८० | १५ | ३६०० | |
| **जम्मा** | | | | | | | | **५२३८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,३८० |

४०.३ **आवासीय छात्रवृत्ति -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.७.२.१.१ मा स्थानीय तहले विगतदेखि आवासीय छात्राबास सञ्चालनमा रहेका विद्यालय पहिचान गरी सञ्चालनको अवस्था एवं विद्यार्थी संख्या यकिन गरी छात्रबृत्ति रकम उपलब्ध गराउँदा आवासमा बस्ने विद्यार्थीलाई मासिक रु.४०००।- का दरले १० महिनाको लागि रु.४००००।- रकम त्रैमासिक रुपमा विद्यालयलाई छात्रवृत्ति अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले निर्देशिकाको व्यवस्था अनुसार आवासीय छात्रवृत्तिमा निरन्तर अध्ययनरत विद्यार्थीको यकिन गरी प्रत्येक त्रैमासिकमा छात्रवृत्ति अनुदान रकम विद्यालयलाई उपलब्ध गराउनु पर्नेमा सिन्धु बहिरा आ.वि. राम्चेलाई २९ जना विद्यार्थीहरुका लागि १० महिनाको एकमुष्ट रु.११६००००।- रकम उपलब्ध गराएकोमा २०८० को IEMIS अनुसार सो विद्यालयमा जम्मा विद्यार्थी २८ जना मात्र देखिएकोले वास्तविक अध्ययनरत विद्यार्थी भन्दा १ जना बढी विद्यार्थीको लागि भुक्तानी भएको छात्रवृत्ति रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

४०.४ **सरसफाइ सामग्री उपलब्ध नगराएको** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.७.२.१.१ मा विद्यालयले व्यवस्था गरेको आवासमा वस्ने आपाङ्गता भएका बालबालिकालाई प्रति महिना रु.४०००।- का दरले त्रैमासिक रुपमा १० महिनाको लागि जम्मा रु.४००००।- विद्यालयलाई अनुदान दिने र विद्यालयले यस प्रकारको छात्रवृत्ति रकमबाट व्यक्तिगत सरसफाइका लागि मासिक रु.५००।- दरले १० महिनाको रु.५०००।- सम्बन्धित छात्र छात्रालाई भरपाई गराई

नगद नै अनिवार्य रुपमा उपलब्ध गराउने व्यस्था छ । पालिकाले सिन्धु बहिरा आ.वि. राम्चेलाई २९ जना अपाङ्ग भएका विद्यार्थीहरुका लागि १० महिनाको अनुदान रकम एकमुष्ट उपलब्ध गराएकोमा विद्यालयले सरसफाइ सामग्रीहरु खरिद गर्न छात्रछात्राहरुलाई रकम उपलब्ध गराएको नदेखिएकोले सरसफाई सामग्रीहरु बापत रकम उपलब्ध गराएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४५,००० |

४०.५ **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान -** शिक्षक सेवा नियमावली, २०५९ को नियम १०१ अनुसार शिक्षकले पकाएको तलब भत्ता निज जुनसुकै व्यहोराबाट सेवामा नरहे पनि पाउने व्यवस्था छ । विद्यालय सञ्चालन तथा सहयोग अनुदानमा कार्यरत निम्न विद्यालयमा अर्को शिक्षक नियुक्त भई आईसकेपछि अवकाश भई गएको अवस्थामा समेत अवकाश प्राप्त शिक्षकको नाममा विद्यालय सञ्चालन तथा सहयोग अनुदान रकम विद्यालयलाई निकासा पकाएकोले अवकाश पछाडिको अवधिको निकासा भएको अनुदान असूल गरी दाखिला गर्नुपर्ने गर्नुपर्ने रु.

| **शिक्षकको नाम** | **विद्यालयको नाम** | **अवकाश मिति** | **तलब अनुदान मासिक** | **भुक्तानी भएको तलब अनुदान** |
|---|---|---|---|---|
| चिरञ्जित कुमार यादव | गोरखनाथ आ वि मान्द्रा | २०७९ पौस | २५००० | ८२५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,५०० |

४०.६ **प्राविधिक ग्रेड भुक्तानी -** नेपाल सरकार मन्त्रीपरिषद्को २०७९।४।२६ को निर्णय अनुसार २०७९ साउन १ गतेदेखि लागू हुने गरी अर्थ मन्त्रालयले जारी गरेको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको नयाँ तलबमान तथा सुबिधा सम्बन्धमा अनुसूची ७ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले कुनै पनि प्राविधिक ग्रेड नपाउने व्यवस्था छ । पालिकाले निम्न शिक्षकलाई नयाँ तलबमान तथा सुविधामा प्राविधिक ग्रेड समेत थप गरी भुक्तानी गरेकोले भुक्तानी भएको प्राविधिक ग्रेड सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| शिक्षकको नाम | श्रेणी | विद्यालय | भुक्तानी भएको प्राविधिक ग्रेड २ ग्रेड | प्राविधिक ग्रेड वार्षिक | असूल हुनुपर्ने (क.स. कोष थप सहित) |
|---|---|---|---|---|---|
| कृष्ण बहादुर थापा | प्रा.वि. प्रथम | क्षमादेवी मा.वि. ठूलोपलाती | २९१२ | ३७८५६ | ४१३५०.४० |
| नरेन्द्र बहादुर बस्नेत | प्रा.वि. द्रितीय | क्षमादेवी मा.वि. ठूलोपलाती | २३१६ | ३०१०८ | ३२८८७.२० |
| | | **जम्मा** | | | **७४२३७.६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,२३७.६ |

४१ **स्वास्थ्यतर्फ**

४१.१ **चाडपर्व खर्च -** निजामती सेवा नियमावली, २०४९ को नियम १२८(१) मा निजामती कर्मचारीले पाउने एक महिनाको तलब बराबरको चाडपर्व खर्च प्रत्येक वर्ष चाडपर्व खर्च लिन चाहेको मुख्य चाडपर्वको पन्ध्र दिन अगावै दिने व्यवस्था छ साथै उपनियम (३) मा नयाँ नियुक्त कर्मचारीले हाजिर भएको मितिले ३ महिनाभित्र आफूले चाडपर्व खर्च लिने मुख्य चाडपर्व र सो चाडपर्व पर्ने सम्भावित महिनाको सम्बन्धमा सम्बन्धित कार्यालयमा लिखित रुपमा जानकारी दिनु पर्ने र यसरी निवेदन दिई सके पछि आफ्नो सेवा अवधिभर अर्को चाडपर्वमा खर्च माग गर्न नपाउने व्यवस्था छ । कार्यालयमा यस वर्ष असोज महिनामा नियुक्त निम्न कर्मचारीले आफूले खर्च लिने मुख्य चाडपर्व र सो चाडपर्व पर्ने सम्भावित महिनाको सम्बन्धमा कार्यालयमा लिखित जानकारी नगराई चैत्र महिनाको तलब भुक्तानी गर्दा चाडपर्व खर्च भुक्तानी लिएको र कार्यालयले समेत ती कर्मचारीले चाडपर्व खर्च भुक्तानी लिएको सम्भावित चाडको अभिलेख नराखेकोले कर्मचारीले पुनः बडादशैंको वरिपरि चाडपर्व खर्च भुक्तानी लिन सक्ने भएकोले नियमावलीको व्यवस्था बमोजिम कार्यालयले कर्मचारीहरुले चाडपर्व खर्च भुक्तानी लिएको महिनाको अभिलेख राखी आगामी दिनमा निम्न कर्मचारीहरुको चाडपर्व खर्च भुक्तानी गर्दा चैत्र महिनामा मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

| सि.नं. | विवरण | नियूक्ति मिति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | रमा मगर - हे.अ.पाँचौं | २०७९।६।११ | ३४७३० |
| २ | देविका श्रीस - हे.अ.पाँचौं | २०७९।६।११ | ३४७३० |
| | **जम्मा** | | **६९४६०** |

४१.२ **करकट्टी नगरेको -** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कुनै बासिन्दा व्यक्तिलाई सेवा शुल्क भुक्तानी गर्दा भुक्तानी रकमको १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले डा. मन्दिरा खड्कालाई यस वर्ष निम्न सेवा उपलब्ध गराए बापत भुक्तानी भएको सेवा शुल्कमा नियमानुसार लाग्ने कर कट्टी नगरेकोले सेवा शुल्कमा लाग्ने १५ प्रतिशत कर असूली गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं. | उपलब्ध गराएको सेवा | सेवा शुल्क | कर रकम | कर कट्टी | असूल गर्नुपर्ने कर |
|---|---|---|---|---|---|
| ३२९/२०८०।३।१४ | निःशुल्क गर्भपतन सेवा | ३६००० | ५४०० | | ५४०० |
| ३२९/२०८०।३।१४ | Inplant तथा IUCD सेवा | ४२००० | ६३०० | ४२० | ५८८० |
| | **जम्मा** | | | | **११२८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२८० |

४१.३ **प्रशिक्षक भत्ता बढी भुक्तानी -** अर्थ मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले गाउँपालिकास्तरमा सञ्चालन हुने ३० कार्यदिन सम्म सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई प्रतिदिन रु.७००।- र ३० कार्यदिन भन्दा बढी अवधि सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई मासिक रु.१००००।- का दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने साथै कार्यपत्र बापत प्रति कार्यपत्र रु.३५०।— उपलब्ध गराउने व्यवस्था छ । ज.स्वा.नि. राज कुमार पौडेलले बृहत पोषण कार्यक्रम अन्तर्गतको ७ दिने तालिम सञ्चालन गर्न पेश्की लिई विभिन्न मितिमा विभिन्न स्थानमा तालिम सञ्चालन गरी पेश्की फछ्र्यौट गर्दा निम्न प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता उपलब्ध गराएकोले बढी भुक्तानी असूल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | तालिमको नाम | स्थान | अवधि | प्रशिक्षक | भुक्तानी भएको प्रशिक्षक तथा कार्यपत्र भत्ता | निर्देशिकाअनुसार भुक्तानी हुनुपर्ने भत्ता | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १८४/२०७९।१२।१३ | बृहत पोषण प्याकेज सम्बन्धी तालिम | बाहबिसे | २०७९।१०।१० - १०।१६ (७ दिन) | गंगा प्रसाद पौडेल | ६५८०० | ७३५० | ५८४५० |
| | | | | कुमार संजेल | ६५८०० | ७३५० | ५८४५० |
| | बृहत पोषण प्याकेज सम्बन्धी तालिम | | २०७९।११।१७ - ११।२३ (७ दिन) | गंगा प्रसाद पौडेल | ६५८०० | ४९०० | ६०९०० |
| | | | | कुमार संजेल | ६५८०० | ४९०० | ६०९०० |
| | | | | दिपेन्द्र प्रसाद भट्ट | १४१०० | ६३०० | ७८०० |
| | | | | **जम्मा** | | | **२४६५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४६,५०० |

४१.४ **कार्यपत्र बापत बढी भुक्तानी -** अर्थ मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले गाउँपालिकास्तरमा सञ्चालन हुने तालिमको कार्यपत्र बापत प्रति कार्यपत्र रु.३५०।- उपलब्ध गराउने व्यवस्था छ । कार्यालयले पोषण संवेदनशील कार्यक्रमको कार्यपत्र बापत निर्देशिकाले तोकेको भन्दा बढी दरले भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो भौ नं | तालिमको नाम | स्थान | अवधि | प्रशिक्षक | कार्यपत्र बापत भुक्तानी | निर्देशिकाअनुसार भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २२२/२०८०।१।१२ | पोषण संवेदनशील कार्यक्रम | यार्सा तथा च्याङार्सा | २०७९।१२।१३ र १२।१६ | प्रकाश आचार्य | २८०० | ७०० | २१०० |
| | | | | लोकराज भट्ट | २८०० | ७०० | २१०० |
| | | | | राज कुमार पौडेल | २८०० | ७०० | २१०० |
| | | | | **जम्मा** | | | **६३००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३०० |

४१.५ **अनुदान रकम अग्रिम भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगको जाँच गर्नुपर्ने व्यवस्था छ । साथै सोही नियमावलीको नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त अनुदान सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) स्वास्थ्य तर्फको अनुदान रकमबाट नेपाल विद्युत प्राधिकरण, बाह्रबिसेलाई भुक्तानी दिन बैशाख, जेठ र आषाढ महिनाको जम्मा बिल रु.५२८२।८५ संलग्न भएकोमा पालिकाले रु.२९९९९९।- भुक्तानी दिई रु.२९४७१६।१५ चालु आर्थिक वर्षको अन्त्यसम्ममा फस्यौट हुन नसक्ने गरी अग्रिम रुपमा बजेट फ्रिज/अनुदान फिर्ता नदिने उद्देश्यले भुक्तानी दिएको छ। पालिकाले अनुदान फिर्ता नगर्ने उद्देश्यले नेपाल विद्युत प्राधिकरणलाई अग्रिम रुपमा भुक्तानी गरेको रु.२९४७१६।१५ रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९४,७१६.१५ |

४२ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिकाले रु.२५९५२०८ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

## ४३ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनातर्फ

४३.१ **पकेट विकास कार्यक्रम निरन्तरता -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोर र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक कृषि उत्पालन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत तथा साना सिँचाइ पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुविधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले पकेट क्षेत्र कार्यक्रमको निरन्तरता अन्तर्गतको आलुबाली विकासको लागि ठेनासा कृषक समूह, बाह्रबिसेलाई परियोजनाले तोकेको सुबिधाका क्षेत्रहरु भन्दा फरक कार्य प्राङ्गारिक मल, रासायनिक मल, श्रममूलक कार्य (डोर हाजिरी) तथा ढुवानी लगायतका कार्यमा समेत गरी रु.५४००००।- अनुदान उपलब्ध गराएकोले म्यानुअलले तोकेको भन्दा फरक कार्यमा भुक्तानी भएको सुबिधा (अनुदान) असूल गरी दाखिला गर्नुपर्ने रु.

| **गो.भौ.नं.** | **ठेनासा कृषक समूहले खरिद बीउ, मल तथा उपकरण** | **खरिद भएको सामानको मूल्य** | **उपलब्ध हुने सुविधा** |
|---|---|---|---|
| १२१/२०७९।१०।१५ | मिनी ट्रिलर १ थान | ५०००० | २५००० |
| | आलुको बिउ | ४३४५६० | २१७२८० |
| | रासायनिक मल | १३३३८०० | - |
| | कुखुरा, बाख्राको मल | २७३००० | - |
| | विषादी | २१०१० | - |
| | डोर हाजिरी | १५३१८७ | - |
| | ढुवानी भाडा | १२००० | - |
| | **जम्मा** | **१०७७५५७** | **२४२२८०** |
| | जम्मा भुक्तानी भएको सुबिधा | | ५४०००० |
| | असूल हुनुपर्ने अनुदान रकम | | **२९७७२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९७,७२० |

४३.२ **बीउ आलु उत्पादन कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोर र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल

सरकारले तोकि दिएको अवस्थामा बाहेक कृषि उत्पालन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत तथा साना सिँचाइ पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुविधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले पकेट क्षेत्र कार्यक्रम अन्तर्गत बीउ आलु उत्पादन कार्यक्रमका लागि हिमचुली कृषि तथा पशुपालन समूह, बाह्रबिसे ९ लाई सुविधा प्रदान गर्दा परियोजनाले तोकेको सुबिधाका क्षेत्रहरु भन्दा फरक कार्यहरु प्राङ्गारिक मल तथा रासायनिक मल खरिद, ज्याला (डोर हाजिरी) तथा ढुवानी लगायतका कार्यमा समेत गरी रु.५०००००।- अनुदान उपलब्ध गराएकोले परियोजना म्यानुअलले तोकेको भन्दा फरक कार्यमा भुक्तानी भएको सुबिधा (अनुदान) असूल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | समूहले खरिद बीउ, मल तथा उपकरण | खरिद भएको सामानको मूल्य | उपलब्ध हुने सुविधा |
|---|---|---|---|
| १४३/२०७९।११।२ | मिनी ट्रिलर २ थान | ११०००० | ५५००० |
| | आलुको बिउ | ४९८४०० | २४९२०० |
| | कम्पोष्ट मल | १२०१५० | - |
| | डोर हाजिरी | १२७९४५० | - |
| | **जम्मा** | **१०७७५५७** | **३०४२००** |
| | जम्मा भुक्तानी भएको सुबिधा | | ५००००० |
| | असूल हुनुपर्ने अनुदान रकम | | **१९५८००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९५,८०० |

४३.३ **आलुबाली पकेट विकास कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोर र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक कृषि उत्पालन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, साना सिँचाइ पूर्वाधार तथा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुविधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले आलुबाली पकेट विकास कार्यक्रम अन्तर्गत आलु उत्पादन कार्यक्रमका लागि भग्यौली भञ्याङ महिला कृषक समूह, बाह्रबिसेलाई सुबिधा प्रदान गर्दा परियोजनाले तोकेको सुबिधाका क्षेत्रहरु भन्दा फरक कार्यहरु प्राङ्गारिक मल तथा रासायनिक मल खरिद, ज्याला (डोर हाजिरी) तथा ढुवानी लगायतका कार्यमा समेत गरी रु.९७००००।- अनुदान उपलब्ध गराएकोले परियोजना म्यानुअलले तोकेको भन्दा फरक कार्यमा भुक्तानी भएको देहाय अनुसारको सुबिधा (अनुदान)रू. असूल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | समूहले खरिद बीउ, मल तथा उपकरण | खरिद भएको सामानको मूल्य | उपलब्ध हुने सुविधा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३४१/२०८०।३।१८ | मिनी ट्रिलर १ थान | ५५००० | २७५०० |
| | औजार तथा उपकरण | ५८७०० | २९३५० |
| | सिँचाइका लागि सामान तथा उपकरण | ४५१०० | ३८३३५ |
| | क्रेट खरिद/बोरा | ३९६०० | ३३६६० |
| | आलुको बिउ | ४९७३५० | २४८६७५ |
| | कम्पोष्ट मल (कुखुराको सुली) | ५२११०० | - |
| | रासायनिक मल तथा विषादी | १३९०७५ | - |
| | होर्डिङ बोर्ड | १९८५० | - |
| | डोर हाजिरी | ६०५८८० | - |
| | **जम्मा** | **१९८१६५५** | **३४३८६०** |
| | जम्मा भुक्तानी भएको सुबिधा | | ९७०००० |
| | असूल हुनुपर्ने अनुदान रकम | | **६२६१४०** |

त्यसैगरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोर र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक कृषि उत्पालन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, साना सिँचाइ पूर्वाधार तथा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुबिधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले आलुबाली पकेट विकास कार्यक्रम अन्तर्गत बीउ आलु उत्पादन कार्यक्रमका लागि लेकाली साना किसान सहकारी संस्था लिमिटेड, बाह्रबिसे २ लाई सुबिधा प्रदान गर्दा परियोजनाले तोकेको सुबिधाका क्षेत्रहरु भन्दा फरक कार्यहरु प्राराङ्गारिक मल तथा रासायनिक मल खरिद, ज्याला (डोर हाजिरी) तथा ढुवानी लगायतका कार्यमा समेत गरी रु.४८५०००।- अनुदान उपलब्ध गराएकोले परियोजना म्यानुअलले तोकेको भन्दा फरक कार्यमा भुक्तानी भएको देहाय अनुसारको सुबिधा (अनुदान) असूल गर्नुपर्ने रु.

| गो भौ नं | समूहले खरिद बीउ, मल तथा उपकरण | खरिद भएको सामानको मूल्य | उपलब्ध हुने सुविधा |
|---|---|---|---|
| ३४४/२०८०।३।१८ | मिनी ट्रिलर १ थान | ५५००० | २७५०० |
| | औजार तथा उपकरण | ४६००० | २३००० |

| | | | |
|---|---|---|---|
| | बोरा | ३०१७५ | २५६४८ |
| | आलुको बिउ | ३७८००० | १८९००० |
| | कम्पोष्ट मल (कुखुराको सुली) | १००००० | - |
| | रासायनिक मल तथा विषादी | १२३००० | - |
| | होर्डिङ बोर्ड तथा स्टेशनरी | १६९५० | - |
| | डोर हाजिरी | २५९२०० | - |
| | **जम्मा** | **१००८३२५** | **२६५१४८** |
| | जम्मा भुक्तानी भएको सुबिधा | | ४८५००० |
| | असूल हुनुपर्ने अनुदान रकम | | **२१९८५२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४५,९९२ |

४३.४ **हिमचुली कृषि तथा पशुपालन कृषक समूह -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोर र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक कृषि उत्पालन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, साना सिँचाइ पूर्वाधार तथा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुबिधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले आलुबाली पकेट विकास कार्यक्रम अन्तर्गत बीउ आलु उत्पादन कार्यक्रमका लागि हिमचुली कृषि तथा पशुपालन कृषक समूह, बाह्रबिसे ९ लाई सुबिधा प्रदान गर्दा परियोजनाले तोकेको सुबिधाका क्षेत्रहरु भन्दा फरक कार्यहरु प्राङ्गारिक मल तथा रासायनिक मल खरिद, ज्याला (डोर हाजिरी) तथा ढुवानी लगायतका कार्यमा समेत गरी रु.२१३४००।- अनुदान उपलब्ध गराएकोले परियोजना म्यानुअलले तोकेको भन्दा फरक कार्यमा भुक्तानी भएको सुबिधा (अनुदान) असूल गर्नुपर्ने रु.

| गो भौ नं | समूहले खरिद बीउ, मल तथा उपकरण | खरिद भएको सामानको मूल्य | उपलब्ध हुने सुविधा |
|---|---|---|---|
| ३७४/२०८०।३।२२ | औजार तथा उपकरण | ६४८३० | २३००० |
| | बोरा/क्रेट | ३८६२५ | ३२८३१ |
| | कम्पोष्ट मल (कुखुराको सुली) | ८१००० | - |
| | रासायनिक मल तथा विषादी | १२१०६९ | - |
| | होर्डिङ बोर्ड | ३१५० | - |
| | डोर हाजिरी | १२४७४० | - |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | ४३३४१४ | **५५८३१** |
| | जम्मा भुक्तानी भएको सुबिधा | | २१३४०० |
| | असूल हुनुपर्ने अनुदान रकम | | **१५७५६९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५७,५४९ |

## ४४ **मेड्पा कार्यक्रमतर्फ**

४४.१ **बढि प्रशिक्षक भत्ता -** कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले गाउँपालिकास्तरमा सञ्चालन हुने ३० कार्यदिन सम्म सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई प्रतिदिन रु.७००।- र ३० कार्यदिन भन्दा बढी अवधि सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई मासिक रु.१००००।- का दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ । उद्यम विकास सहजकर्ता नर बहादुर तारामले पेश्की लिई विभिन्न मितिमा विभिन्न स्थानमा सीप विकास तालिम सञ्चालन गरी पेश्की फछर्यौट गर्दा निम्न प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता उपलब्ध गराएकोले बढी भुक्तानी असूल गर्नुपर्ने रु.

| गो भौ नं | तालिमको नाम | स्थान | अवधि | प्रशिक्षक | भुक्तानी भएको भत्ता | भुक्तानी हुनुपर्ने भत्ता | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १५७/२०७९।११।१५ | ढाका बुनाई तालिम | वडा नं १ | २०७९।१०।४ - ११।४ ( ३० दिन) | डम्बर कुमारी प्रधान | ३५००० | २१००० | १४००० |
| २०३/२०७९।१२।२० | उद्यमशिलता विकास तालिम | पलाँती | २०७९।११।१४ - ११।२१ (८ दिन) | ओम तामाङ | ११६०० | ४८००० | ३६४०० |
| | | सिगार्चे | २०७९।११।२३ - ११।३० (८ दिन) | | | | |
| | | गाती | २०७९।१२।१ - १२।८ (८ दिन) | | | | |
| २७०/२०८०।२।२६ | साबुन बनाउने तालिम | गाती | २०८०।१।१० - १।२४ (१५ दिन) | भक्त बहादुर नेपाली | ३०००० | १९५०० | १०५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७०/२०८०।२।२६ | बमौसमी तरकारी खेती तालिम | सिगार्चे | २०८०।२।१० - २।१३ (४ दिन) | बिमल प्रसाद खनाल | १४००० | २८०० | ११२०० |
| २७०/२०८०।२।२६ | गलैंचा बुन्ने तालिम | नागपुजे | २०७९।११।२४ - १।९ (४५ दिन) | उषा तामाङ | ४५००० | १५००० | ३०००० |
| २७०/२०८०।२।२६ | गलैंचा बुन्ने तालिम | वडा नं ७ | २०७९।११।२४ - १।९ (४५ दिन) | मेन्डो लामा | ४५००० | १५००० | ३०००० |
| ३०७/२०८०।३।७ | सिलाई कटाई तालिम | पलाँती | २०७९।१२।२५ - २।३१ (२ महिना) | चन्द्र बहादुर नेपाली | ७०००० | २०००० | ५०००० |
| ३०७/२०८०।३।७ | गलैंचा बुन्ने तालिम | वडा ७ नयाँवस्ती | २०७९।१२।२८ - ३।१ (२ महिना) | विष्णुमाई तामाङ | ७०००० | २०००० | ५०००० |
| | | | जम्मा | | | | २३२१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३२,१०० |

४४.२ **सामग्री हस्तान्तरण -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २८(७) अनुसार कार्यालयले उद्यमशीलता विकास तालिममा प्रयोग भएका मेसिन, औजार तथा प्रविधि तालिम पश्चात् सम्बन्धित उद्यमीलाई निशुल्क हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न मितिमा उद्यमशीलता विकास तालिमका लागि रु.२२८२६०।- बराबरको गलैंचा तान १० सेट तथा धागो खरिद गरेकोमा ती तान सेट तथा धागो कुन-कुन तालिममा प्रयोग भयो सो को अभिलेख समेत नराखेको र उद्यमशील तालिममा सहभागी प्रशिक्षार्थीलाई समेत हस्तान्तरण नगरेकोले ती औजार तथा सामग्री के-कस्तो अवस्थामा छन् सो को संरक्षण गर्नुपर्ने साथै तालिम सञ्चालन पश्चात् तालिममा प्रयोग भएका त्यस्ता मेसिन, औजार तथा प्रविधि निर्देशिकाको व्यवस्था अनुसार प्रतिक्षार्थीलाई हस्तान्तरण गर्नुपर्दछ ।

| गो भौ नं | खरिद सामान | फर्म | करदाता नं | बिल नं/मिति | जम्मा रकम |
|---|---|---|---|---|---|
| २७०/२०८०।२।२६ | गलैंचा तान ८ सेट तथा धागो | याङ्ग्रिमा मल्टिपल प्रा लि | ६०१४६७३९८ | ०१४ र ०१५/२०८०।१।२५ | १८२६०८ |
| ३०७/२०८०।३।७ | गलैंचा तान २ सेट तथा धागो | याङ्ग्रिमा मल्टिपल प्रा लि | | ००३ र ००४/२०८०।१।२५ | ४५६५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **जम्मा** | | | २२८२६० |

## ४५ आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाबाट आन्तरिक लेखापरीक्षण भएकोमा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनुपर्ने देहायको बेरुजु फछ्र्यौट भएको छैन । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु देहाय अनुसार रहेका छनः

(क) गो भौ नं. ६७३ मा चमेली थामीलाई पौष १७ देखि २६ सम्म न्यायिक सचेतना कार्यक्रम संचालन अन्तर्गत विद्यार्थीसंग न्यायिक सहजिकरण बापत भत्ता भुक्तानी गर्दा रु.१०००।०० को दरले भुक्तानी हुनुपर्नेमा रु.१५००।०० को दरले निम्न व्यक्तिलाई व्यक बढी भुक्तानी भएको रु.२६७७५।०० सम्बन्धितबाट असुल गर्नपर्ने रु.

| विवरण | दिन | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| श्री मन्जु तामाङ्ग | ९ | ७६५० | ११४७५ | ३८२५ |
| श्री चुडामणी पन्थी | ९ | ७६५० | ११४७५ | ३८२५ |
| श्री शेखर बहादुर भणडारी | ९ | ७६५० | ११४७५ | ३८२५ |
| श्री ङिमा शेर्पा | ९ | ७६५० | ११४७५ | ३८२५ |
| श्री गगन ज्ञवाली | ९ | ७६५० | ११४७५ | ३८२५ |
| श्री कमल तामाङ | ९ | ७६५० | ११४७५ | ३८२५ |
| श्री चमेली थामी | ९ | ७६५० | ११४७५ | ३८२५ |
| | | | **जम्मा** | **२६७७५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,७७५ |

(ख) निरबहादुर गुभाजुले २०८०।२।११ मा जागिर छाडेकोमा गो भौ २४४, संघीय सर्शत चालुबाट बैशाख र जेठ महिनाको पूरा तलब रु.६९४६०।०० भुक्तानी दिएकोमा २१ दिनको बढी भुक्तानी रु.२३४१५।०० सम्बन्धितबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,४१५ |

४६ **पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम समयमै पेश्की फछ्यौट गर्नुपर्दछ । कार्यालयले आर्थिक वर्षको अन्तसम्ममा म्याद नाघेको पेश्की फछ्र्यौट गर्न बाँकि देखिन्छ । सम्झौता अनुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु.

| पेश्कि लिएको गो भौ र मिति | पेश्कि लिनेको विवरण | पेश्की शिर्षक | म्याद नाघेको पेश्की |
|---|---|---|---|
| १-२०७९।४।१ | अमर लामा | सवारी साधन मर्मत खर्च | ६००००।०० |
| १३३-२०७९।६।१२ | रत्नबहादुर श्रेष्ठ | अन्य कार्यालय संचालन खर्च | ३००००।०० |
| २०७९-।१०।१८ | कल्पना घिमिरे | युवा तथा खेलकुद | ३०००००।०० |
| २०७९-।१२।३ | गणेशबहादुर मोक्तान | विविध खर्च | १२७०००।०० |
| २०७९-।४।१ | बि न्यू ब्युटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर | राजश्व/ उद्योग वाणिज्य | १२५०००।०० |
| ६३-२०७९।७।१२ | शेरबहादुर सिहं | स्वास्थ्य संस्था मसलन्द खर्च | १५०००।०० |
| | | **जम्मा** | **६५७०००।००** |

| | |
|---|---|
| पेश्की | ६,५७,००० |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : वाह्रविसे नगरपालिका, सिन्धुपाल्चोक ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चुरामणि पन्थी | २०७९-५-२० | |
| कार्यालय प्रमुख | अमरप्रसाद भट्ट | २०७८-९-२८ | २०७९-५-१५ |
| कार्यालय प्रमुख | माधव प्रसाद अधिकारी | २०८०-६-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निरज कुमार ठाकुर | २०८०-६-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निराजन थापा | २०७७-२-२८ | २०८०-५-१५ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,०४२,१२०.७५ | २२,२२६,१३८ | २,२२८,६३० | ० | ० | ६५७,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३१,१५३,८८८.७५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३१,१५३,८८८.७५ |

स्थानीय तह : वाह्रविसे नगरपालिका, सिन्धुपाल्चोक ।

| **गत बर्षको जिम्मेवारी** | | ४१९१०६४८.२९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६७९३३४५६.३ | **चालु खर्च** | ३४९५१०६६३.३ |
| **प्रदेश सरकारबाट अनुदान** | ७८३९३००० | **पूँजीगत खर्च** | १५८६७९२१८.४८ |
| **राजश्व बाँडफाँट** | १२९५७८९८३ | **वित्तीय/अन्य व्यवस्था** | २०७७४८५८२.९६ |
| **आन्तरिक आय** | २४२०२८६६.१९ | | |
| **अन्य आय** | १६६३१२८६०.९१ | | |
| **कुल आय** | ७६६४२११६६.४ | **कुल खर्च** | ७१५९३८४६४.७४ |
| **बाँकी मौज्दात** | | ९२३९३३४९.९५ | |